# चौथो वार्षिक प्रतिवेदन

आ.व. २०८०/०८१

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

# चौथो वार्षिक प्रतिवेदन

## (आ.व.२०८०/०८१)

**प्रदेश लोक सेवा आयोग**

गण्डकी प्रदेश, पोखरा

# प्रदेश लोक सेवा आयोग


**सम्पर्क:**

प्रदेश लोक सेवा आयोग

**ठेगाना:**

मुस्ताङ चोक, पोखरा

**टेलिफोन नं.**

फोन नं. : ०६१-४५७८७३

**ई-मेल:**

gandakipsc2076@gmail .com

**वेबसाइट:**

http://ppsc.gandaki.gov.np

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, पोखरा

मितिः २०८१/०५/२८

**विषयः वार्षिक प्रतिवेदन पेश गरिएको।**

माननीय प्रदेश प्रमुखज्यू,
गण्डकी प्रदेश, पोखरा।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ।

भवदीय,

**विष्णुप्रसाद नेपाल**
अध्यक्ष

**कल्पना लम्साल**
सदस्य

**योगेन्द्र गौचन**
सदस्य

**दामोदर सुवेदी**
निमित्त सचिव

# आयोगका पदाधिकारीहरू



**विष्णुप्रसाद नेपाल**
अध्यक्ष



**कल्पना लम्साल**
सदस्य



**योगेन्द्र गौचन**
सदस्य



**दामोदर सुवेदी**
निमित्त सचिव

# धन्यवाद ज्ञापन

आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक भौतिक, मानवीय, सूचना प्रविधि लगायतका श्रोत साधनको उपलब्धतालाई सहजीकरण गराइदिएकोमा आयोग प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ। आयोगका कामकारबाहीमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सङ्घ, प्रदेश एवम् स्थानीय तह, सरकारी एवम् निजी क्षेत्रका विश्वविद्यालय, महाविद्यालय एवम् विद्यालयहरू, सुरक्षा निकायहरू र सम्बद्ध अन्य निकायहरूप्रति आयोग आभार प्रकट गर्दछ। साथै आयोगको कामको सिलसिलामा पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण एवम् परिमार्जन, उत्तरपुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल र अन्तर्वार्तामा उपस्थित भई सेवा प्रदान गर्नुहुने दक्ष/विशेषज्ञ र परीक्षा सञ्चालनमा सहयोग गर्नु हुने सबैप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

यस वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ।

# कार्यकारी सारांश




आ.ब. २०८०/०८१ को विज्ञापन, दरखास्त र सिफारिस

आयोगले प्रतिवेदन अवधिमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम विभिन्न सेवा समूहमा प्रदेश र स्थानीय तहबाट रिक्त पदको माग सङ्कलन गरी पदपूर्तिको कार्य गर्दै आएको छ। आ.व. २०८०/०८१ मा वार्षिक कार्यतालिका बमोजिम  प्रदेश सरकारका मन्त्रालय तथा अन्तर्गतका कार्यालय र स्थानीय तहहरूबाट चौथो तहदेखि नवौँ तहसम्मका विभिन्न सेवा, समूह र पदमा प्राप्त माग पदसङ्ख्यालाई प्रतिशत निर्धारणबाट बढुवा ४९४, आन्तरिक प्रतियोगिता २१, अन्तर तह प्रतियोगिता ४३, खुला ८०७ र समावेशी ६२१ छुट्याई कुल १९८६ पदसङ्ख्याका लागि विज्ञापन प्रकाशन गरिएको छ।

प्रतिवेदन अवधिमा प्रकाशित विभिन्न सेवा, समूह, तह र पदका विज्ञापनमा बढुवा तर्फ ९६७ दरखास्त प्राप्त भएका छन्। प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति हुने विज्ञापनहरूमा १ लाख २७ हजार ७०१ आवेदकहरूबाट आन्तरिक प्रतियोगिता ९२३, अन्तर तह १५५६, खुला १ लाख २६ हजार ६१३ र समावेशी १ लाख १५ हजार २० गरी जम्मा २ लाख ४४ हजार ११२ दरखास्त प्राप्त भएका छन्। प्रदेशगत रूपमा सबैभन्दा बढी मधेश प्रदेशबाट २३.९९ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशबाट ५.८२ प्रतिशत आवेदकको दरखास्त परेको छ। दरखास्त दिने आवेदक मध्ये महिला ४२.४५ प्रतिशत र पुरुष ५७.५५ प्रतिशत रहेका छन्। जिल्लागत रूपमा स्याङ्जाबाट सबैभन्दा बढी र मनाङ जिल्लाबाट सबैभन्दा कम आवेदक रहेका छन्।

प्रदेश निजामती र स्थानीय सेवाका विभिन्न सेवा/समूह/उपसमूहका २१ पदको पाठ्यक्रम निर्माण तथा परिमार्जन भएका छन्। परीक्षा सञ्चालनका लागि १ हजार २ सय ४८ सेट कच्चा प्रश्नपत्र सङ्कलन गरी ५४६ सेट परिमार्जित प्रश्नपत्र तयार गरिएको छ। लिखित परीक्षामा ३२ हजार ५०१ महिला र ४४ हजार १९ पुरुष गरी ७६ हजार ५२० उम्मेदवारहरू सम्मिलित भएका छन्। विभिन्न सेवा समूहका चौथो तहदेखि नवौँ तहसम्मका ६५ हजार ४३ विषयगत र वस्तुगत उत्तरपुस्तिकामा प्रथम र दोश्रो सङ्केत नम्बर कायम

गरी आयोगमा सूचीकृत दक्ष वा विशेषज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गरिएको छ।

प्रकाशित विज्ञापनहरूमध्ये चौथो तहदेखि सातौँ तहसम्मका कुल २२ वटा पदहरूको प्रथम चरणको नतिजा प्रकाशन गरी २९ हजार ९९३ उम्मेदवार दोस्रो चरणको परीक्षाको लागि छनौट गरिएको छ। यस अवधिमा कुल ४४ वटा पदको लिखित नतिजा प्रकाशन गरी २३९ महिला र ७५९ पुरुष गरी ९९८ जना उम्मेदवार अन्तरवार्ताको लागि छनोट गरिएको छ। प्रशासनतर्फको नवौँ तहका लागि इन बास्केट एक्सरसाइज, सातौँ र आठौँ तहका पदहरूमा सामूहिक परीक्षण र प्रशासनतर्फ सातौँ तहका पदहरूमा कम्प्युटर सिप परीक्षण विधि अवलम्बन गरिएको छ।

आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापनमध्ये अन्तर्वार्ता हुन बाँकी तेस्रो तह वन रक्षक, चौथो तहको, प्रशासन सहायक तथा आ.व. २०८०/०८१ मा प्रकाशित सातौँ, आठौँ र नवौँ तहका विज्ञापनहरूका अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएका छन्। अन्तर्वार्ताबाट ८१ महिला र २६८ पुरुष गरी जम्मा ३४९ जना उम्मेदवार सिफारिस गरिएको छ। सिफारिस गरिएका मध्ये प्रदेशतर्फ २३१ जना र स्थानीय तहतर्फ ११८ जना रहेका छन्। आन्तरिक प्रतियोगिता ४, अन्तरतह प्रतियोगिता १९, खुला १९३ र समावेशी प्रतिस्पर्धाबाट १३३ उम्मेदवार सिफारिस गरिएको छ। समावेशी समूहबाट कुल ६२१ पदका लागि विज्ञापन प्रकाशन गरिएकोमा १ लाख १५ हजार २० दरखास्त परेका छन्। समावेशी समूहका विज्ञापनबाट महिला ५१, आदिवासी जनजाति ४०, दलित १७, विपन्न खस आर्य १५, अपाङ्गता भएका व्यक्ति ५, थारु ३, मुस्लिम १ र मधेसी १ गरी जम्मा १३३ उम्मेदवार सिफारिस भएका छन्। चौथो र पाँचौँ तहका पदमा लिखित परीक्षा नतिजा प्रकाशन, अन्तरवार्ता तथा सिफारिसको कार्य भइरहेको छ। सिफारिस गरिएका ३२२ जना उम्मेदवारहरूलाई अभिमुखीकरण गरिएको छ। आ.व. २०८०/०८१ सम्म प्रदेशतर्फ ३५९ र स्थानीयतर्फ १३९१ गरी जम्मा १७५० उम्मेदवार सिफारिस गरिएको छ।

बढुवा समितिले गरेको बढुवा सिफारिस उपर चित्त नबुझी आयोगमा पेश गरिएका ६ वटा उजुरी उपर निर्णय गरिएको छ। स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को मस्यौदा र प्रदेश किताबखानामा वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्दा सेवा, समूह, उपसमूह र पदनाम मिलानका सम्बन्धमा र विभागीय सजायका सम्बन्धमा परामर्श प्रदान गरिएको छ। आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत र उच्च अदालतमा ३९ थान रिट निवेदन दायर भएकोमा १६ थान फर्छ्यौट भइ २३ थान रिट निवेदन विचाराधीन अवस्थामा रहेका छन्।

आयोगको कार्य सम्पादनलाई योजनावद्ध, प्रभावकारी र व्यवस्थित बनाउन रणनीतिक योजना तर्जुमा गरिएको छ। आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन प्रदेश सरकारबाट स्वीकृत भएको छ। आन्तरिक सूचना प्रणाली व्यवस्थापनका लागि फायरवाल, स्टोरेज र सर्भरको व्यवस्था गरिएको छ। लोक सेवा आयोगको असल अभ्यास तथा अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गरिएको छ।

सङ्घीय संसदमा प्रस्तुत सङ्घीय निजामती सेवा विधेयकमा प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाबाट नै हुने व्यवस्था कायम हुन र अन्तर तह प्रतियोगिताका माध्यमबाट स्थानीय सेवा,

प्रदेश निजामती सेवा र सङ्घीय निजामती सेवामा कार्यरत कर्मचारीलाई तीन वटै तहमा प्रवेश गर्ने गरी अवसरको सम्बोधनका लागि पहल हुन जरुरी देखिन्छ। प्रचलित ऐन नियम विपरित प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदमा करार र स्थायी नियुक्ति गर्ने एवम् अन्य प्रदेशबाट कामकाजमा आएका कर्मचारीको समेत तहवृद्धि/तह कायम गर्नेजस्ता कार्यलाई अन्त्य गर्नु पर्ने देखिन्छ। आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीको वैयक्तिक विवरण दर्ताका साथै समग्र प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको अभिलेख व्यवस्थित गर्न जरुरी देखिन्छ।

## विषय-सूची


| क्र.सं. शीर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद एक** | |
| **आयोगको परिचय, गठन र कार्यक्षेत्र** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ गठन | १ |
| १.३ काम, कर्तव्य र अधिकार | १ |
| १.४ उद्देश्य र कार्यक्षेत्र | २ |
| १.५ आयोगका कार्यहरू | ३ |
| १.६ वार्षिक प्रतिवेदन | ४ |
| **परिच्छेद दुई** | |
| **आयोगका कार्यसम्पादनका आधारहरू** | |
| २.१ संस्थागत प्रबन्ध | ५ |
| २.१.१ संवैधानिक तथा कानुनी व्यवस्था | ५ |
| २.१.२ सङ्गठन संरचना | ६ |
| २.१.३ आयोगका पदाधिकारीहरूको कार्य विभाजन | ८ |
| २.२ कार्यसम्पादनका सिद्धान्तहरू | ९ |
| २.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ११ |
| **परिच्छेद तीन** | |
| **प्रशासनिक र वित्तीय/भौतिक प्रगति** | |
| ३.१ बैठक तथा निर्णय | १६ |
| ३.२ बजेट निकासा र खर्च | १६ |
| ३.३ राजस्व र धरौटी | १७ |
| ३.४ बेरुजुको अवस्था | १७ |
| ३.५ भौतिक पूर्वाधारको अवस्था | १८ |
| ३.६ निरीक्षण | १८ |
| ३.७ अन्तरक्रिया तथा अभिमुखीकरण | १९ |
| ३.८ सिफारिस भएका उम्मेदवारको अभिमुखीकरण | २० |
| ३.९ तेस्रो वार्षिकोत्सव | २० |
| ३.९ प्रगति समीक्षा | २१ |
| **परिच्छेद चार** | |
| **शैक्षिक योग्यता, पाठ्यक्रम र परीक्षण प्रविधि** | |
| ४.१. शैक्षिक योग्यता | २२ |
| ४.२ पाठ्यक्रम निर्माण तथा परिमार्जन | २२ |
| ४.३ परीक्षण प्रविधि | २३ |

| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **परिच्छेद पाँच** | |
| | **विज्ञापन र दरखास्त** | |
| ५.१ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | २४ |
| ५.२ | माग सङ्कलन | २४ |
| ५.३ | प्रतिशत निर्धारण | २५ |
| ५.४ | विज्ञापन प्रकाशन | २६ |
| ५.४.१ | बढुवाको विज्ञापन | २७ |
| ५.४.२ | आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन | २८ |
| ५.५ | दरखास्त | ३० |
| ५.५.१ | बढुवाको विज्ञापनमा दरखास्त | ३० |
| ५.५.२ | आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त | ३१ |
| ५.५.३ | प्रतिस्पर्धात्मक परीक्षामा तहगत रूपमा दरखास्त दिने आवेदक | ३२ |
| ५.५.४ | दरखास्त दिने आवेदकको भौगोलिक, सामाजिक र वैयक्तिक स्थिति | ३३ |
| ५.५.५ | खुला र बढुवातर्फ दरखास्त नपरेका पदहरू | ४५ |
| | **परिच्छेद ६** | |
| | **परीक्षा सञ्चालन तथा व्यवस्थापन र परीक्षण** | |
| ६.१ | प्रश्नपत्र निर्माण र परिमार्जन | ४६ |
| ६.२ | लिखित परीक्षा | ४७ |
| ६.३ | उत्तरपुस्तिका सङ्केतीकरण | ४९ |
| ६.४ | उत्तरपुस्तिका परीक्षण, रुजु र नतिजा तयारी | ४९ |
| ६.५ | लिखित परीक्षा नतिजा प्रकाशन | ५१ |
| ६.६ | प्रयोगात्मक परीक्षा र कम्प्युटर सिप परीक्षण | ५३ |
| ६.७ | सामूहिक परीक्षण | ५४ |
| ६.८ | इन बास्केट अभ्यास | ५४ |
| | **परिच्छेद सात** | |
| | **अन्तर्वार्ता तथा सिफारिस** | |
| ७.१ | अन्तर्वार्ता | ५५ |
| ७.२ | सिफारिस | ५५ |
| ७.२.१ | विज्ञापनको प्रकार अनुसार सिफारिस | ५५ |
| ७.२.२ | प्रदेश र स्थानीय तहमा सेवागत सिफारिस | ५७ |
| ७.२.३ | प्रदेश र स्थानीय तहमा तहगत सिफारिस | ५८ |
| ७.२.४ | स्थानीय तहगत सिफारिस | ५९ |
| ७.२.५ | सिफारिस भएका उम्मेदवारको भौगोलिक, सामाजिक र वैयक्तिक स्थिति | ६४ |
| ७.२.६ | वैकल्पिक उम्मेदवार सिफारिस | ७५ |
| ७.२.७ | सेवा समूहगत रूपमा सिफारिस हुन नसकेका विज्ञापन | ७५ |
| ७.२.८ | विज्ञापन र सिफारिस | ७६ |
| ७.२.९ | विज्ञापनको प्रकारगत विज्ञापन र पदपूर्ति | ७७ |

| क्र.सं. शीर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद आठ** | |
| **समावेशी पदपूर्ति** | |
| ८.१ समावेशी विज्ञापन | ७९ |
| ८.२ समावेशी विज्ञापनमा दरखास्त | ८० |
| ८.३ समावेशी सिफारिस | ८१ |
| **परिच्छेद नौ** | |
| **उजुरी, परामर्श र प्रतिरक्षा** | |
| ९.१ उजुरी | ८३ |
| ९.२ बढुवा सिफारिस उपरको उजुरीको निर्णय | ८३ |
| ९.३ कर्मचारी सेवाका शर्तसम्बन्धी कानुनमा परामर्श | ८४ |
| ९.४ विभागीय सजायका सम्बन्धमा परामर्श | ८४ |
| ९.५ प्रतिरक्षा | ८४ |
| **परिच्छेद दश** | |
| **सांगठनिक सुधार र नवप्रवर्तन** | |
| १०.१ रणनीतिक योजना निर्माण | ८६ |
| १०.२ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | ८७ |
| १०.३ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि | ८६ |
| १०.४ असल अभ्यास अवलम्बन | ८७ |
| १०.५ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन | ८७ |
| १०.६ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन | ८७ |
| **परिच्छेद एघार** | |
| **ध्यानाकर्षण, सुझाव र भावी योजना** | |
| ११.१ ध्यानाकर्षण | ८८ |
| ११.२ सुझाव | ८९ |
| ११.३ भावी योजना तथा कार्यक्रम | ९१ |
| **अनुसूचीहरु** | |
| अनुसूची-१: आ.व.२०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ९२ |
| अनुसूची-२: लोक सेवा आयोगहरुको चौथो राष्ट्रिय सम्मेलनको घोषणापत्र | ९४ |
| अनुसूची-३: प्रदेश लोक सेवा आयोगहरुको तेस्रो सम्मेलनको घोषणापत्र | ९६ |
| अनुसूची-४: आ.व.२०८०/०८१ को पदपूर्ति सम्बन्धी विवरण (सारांश) | ९९ |

## तालिका सूची


| तालिका नम्बर | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका नं. १ : | दरवन्दी तेरिज र कार्यरत जनशक्ति सम्बन्धी विवरण | ७ |
| तालिका नं. २ : | कार्यविभाजन सम्बन्धी विवरण | ९ |
| तालिका नं. ३ : | विषयगत आधारमा आयोगका निर्णयहरूको विवरण | १६ |
| तालिका नं. ४ : | विनियोजित बजेट, निकासा र खर्चको विवरण | १७ |
| तालिका नं. ५ : | राजस्व र धरौटीको विवरण | १७ |
| तालिका नं. ६ : | बेरुजु फछ्र्यौटको विवरण | १८ |
| तालिका नं. ७ : | निरीक्षण गरिएका स्थानीय तहहरू | १८ |
| तालिका नं. ८ : | अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू | १९ |
| तालिका नं. ९ : | सिफारिस भएका उम्मेदवारको अभिमुखीकरण | २० |
| तालिका नं. १० : | पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण | २२ |
| तालिका नं. ११ : | प्रदेश तर्फको माग सङ्कलन विवरण | २४ |
| तालिका नं.१२ : | स्थानीय तहतर्फको माग सङ्कलन विवरण | २५ |
| तालिका नं.१३ : | प्रतिशत निर्धारणको विवरण (आ.व. २०८०/०८१) | २६ |
| तालिका नं. १४ : | बढुवाको प्रकारगत विज्ञापन विवरण (आ.व. २०८०/०८१) | २७ |
| तालिका नं. १५ : | बढुवाको सेवागत तथा तहगत विज्ञापन विवरण (आ.व. २०८०/०८१) | २७ |
| तालिका नं. १६ : | प्रतिस्पर्धात्मक परीक्षाको प्रकारगत विज्ञापन विवरण (आ.व. २०८०/०८१) | २८ |
| तालिका नं. १७ : | प्रतिस्पर्धात्मक परीक्षाको सेवागत तथा तहगत विज्ञापन विवरण (आ.व. २०८०/०८१) | २९ |
| तालिका नं. १८ : | प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त विवरण (आ.व. २०८०/०८१) | ३० |
| तालिका नं. १९ : | बढुवाको प्रकारगत दरखास्त विवरण (आ.व. २०८०/०८१) | ३१ |
| तालिका नं. २० : | प्रतिस्पर्धात्मक परीक्षातर्फको दरखास्त विवरण (आ.व. २०८०/०८१) | ३२ |
| तालिका नं. २१ : | प्रतिस्पर्धात्मक परीक्षामा तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण | ३३ |
| तालिका नं. २२ : | दरखास्त दिने आवेदकको भौगोलिक विवरण | ३३ |
| तालिका नं. २३ : | दरखास्त दिने आवेदकको प्रदेशगत विवरण | ३४ |
| तालिका नं. २४ : | दरखास्त दिने आवेदकको जिल्लागत विवरण | ३५ |
| तालिका नं. २५ : | गण्डकी प्रदेशबाट दरखास्त दिने आवेदकको जिल्लागत विवरण | ३९ |

| तालिका नम्बर शीर्षक | पेज नं. |
|---|---|
| तालिका नं. २६ : दरखास्त दिने आवेदकको जातिगत विवरण (आ.व. २०८०/०८१) | ४० |
| तालिका नं. २७ : दरखास्त दिने आवेदकको धार्मिक स्थितिको विवरण | ४३ |
| तालिका नं. २८ : दरखास्त दिने आवेदकको वैवाहिक स्थितिको विवरण (आ.व. २०८०/०८१) | ४४ |
| तालिका नं. २९ : दरखास्त दिने आवेदकको रोजगारीको स्थितिको विवरण (आ.व. २०८०/०८१) | ४४ |
| तालिका नं. ३० : दरखास्त दिने आवेदकको बाबु/आमाको रोजगारीको स्थितिको विवरण (आ.व. २०८०/०८१) | ४५ |
| तालिका नं. ३१ : बढुवातर्फ दरखास्त नपरेका पदको विवरण (आ.व. २०८०/०८१) | ४५ |
| तालिका नं. ३२ : कच्चा प्रश्नपत्र सङ्कलन विवरण (आ.व. २०८०/०८१) | ४६ |
| तालिका नं. ३३ : प्रश्नपत्र परिमार्जन तथा भण्डारणको विवरण (आ.व. २०८०/०८१) | ४७ |
| तालिका नं. ३४ : लिखित परीक्षामा उपस्थित उम्मेदवारको विवरण | ४८ |
| तालिका नं. ३५ : दरखास्त दिने आवेदक र लिखित परीक्षामा उपस्थित उम्मेदवारको तुलनात्मक विवरण | ४८ |
| तालिका नं. ३६ : सङ्केतीकरण गरिएका उत्तरपुस्तिका सङ्ख्या | ४९ |
| तालिका नं. ३७ : उत्तरपुस्तिका परीक्षण विवरण (आ.व. २०८०/०८१) | ५० |
| तालिका नं. ३८ नतिजा तयारी सम्पन्न र बाँकी विवरण (आ.व. २०८०/०८१) | ५० |
| तालिका नं. ३९ : प्रथम चरणको लिखित नतिजा सम्बन्धी विवरण (आ.व. २०८०/०८१) | ५१ |
| तालिका नं. ४० : अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारको तहगत विवरण (आ.व. २०८०/०८१) | ५१ |
| तालिका नं. ४१ : अन्तरवार्ताको लागि छनौट भएको उम्मेदवारको सेवागत विवरण (आ.व. २०८०/०८१) | ५२ |
| तालिका नं. ४२ : लिखित परीक्षामा उत्तीर्ण हुन नसकेका विज्ञापन र पद सङ्ख्याको विवरण (आ.व. २०८०/०८१) | ५२ |
| तालिका नं. ४३ : कम्प्युटर सिप परीक्षणमा सहभागी उम्मेदवारको विवरण | ५३ |
| तालिका नं. ४४ : सामूहिक परीक्षणमा सहभागी उम्मेदवारको विवरण (आ.व. २०८०/०८१) | ५४ |
| तालिका नं. ४५ : अन्तर्वार्तामा सहभागी उम्मेदवारको विवरण | ५५ |
| तालिका नं. ४६ : विज्ञापनको प्रकारअनुसार सिफारिसको विवरण | ५६ |
| तालिका नं. ४७ : प्रदेश तथा स्थानीय तहमा सेवागत सिफारिस विवरण | ५७ |
| तालिका नं. ४८ : तहगत सिफारिस विवरण | ५८ |
| तालिका नं. ४९ : स्थानीय तहगत सिफारिसको विवरण | ५९ |
| तालिका नं. ५० : सिफारिस भएका उम्मेदवारको भौगोलिक विवरण | ६४ |
| तालिका नं. ५१ : सिफारिस भएका उम्मेदवारको प्रदेशगत विवरण | ६४ |

| तालिका नम्बर | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका नं. ५२ : | सिफारिस भएका उम्मेदवारको जिल्लागत विवरण | ६५ |
| तालिका नं. ५३ : | गण्डकी प्रदेशका जिल्लाहरूबाट सिफारिस भएका उम्मेदवारको विवरण | ६८ |
| तालिका नं. ५४ : | सिफारिस भएका उम्मेदवारको जातिगत विवरण (आ.व. २०८०/०८१) | ६९ |
| तालिका नं. ५५ : | सिफारिस भएका उम्मेदवारको मातृभाषाको विवरण (आ.व. २०८०/०८१) | ७० |
| तालिका नं. ५६ : | सिफारिस भएका उम्मेदवारको धर्मको विवरण (आ.व. २०८०/०८१) | ७१ |
| तालिका नं. ५७ : | सिफारिस भएका उम्मेदवारको आमाको शैक्षिक विवरण (आ.व. २०८०/०८१) | ७२ |
| तालिका नं. ५८ : | सिफारिस भएका उम्मेदवारको बाबुको शैक्षिक विवरण (आ.व. २०८०/०८१) | ७२ |
| तालिका नं. ५९ : | सिफारिस भएका उम्मेदवारको आमाको पेशागत विवरण (आ.व. २०८०/०८१) | ७३ |
| तालिका नं. ६० : | सिफारिस भएका उम्मेदवारको बाबुको पेशाको विवरण (आ.व. २०८०/०८१) | ७३ |
| तालिका नं. ६१ : | सिफारिस भएका उम्मेदवारको वैवाहिक विवरण (आ.व. २०८०/०८१) | ७४ |
| तालिका नं. ६२ : | सिफारिस भएका उम्मेदवारको उमेर समूह (आ.व. २०८०/०८१) | ७४ |
| तालिका नं. ६३ : | वैकल्पिक उम्मेदवार सिफारिस विवरण (आ.व. २०८०/०८१) | ७५ |
| तालिका नं. ६४ : | पदगत रूपमा सिफारिस हुन नसकेका विज्ञापन विवरण (आ.व. २०८०/०८१) | ७५ |
| तालिका नं. ६५ : | विज्ञापन र सिफारिस विवरण | ७६ |
| तालिका नं. ६६ : | विज्ञापनको प्रकारगत विज्ञापन र पदपूर्ति विवरण (आ.व. २०८०/०८१) | ७७ |
| तालिका नं ६७ : | समावेशी पदपूर्ति सम्बन्धी विवरण | ७९ |
| तालिका नं. ६८ : | समावेशी विज्ञापनको विवरण | ८० |
| तालिका नं. ६९ : | समावेशी विज्ञापनमा दरखास्त विवरण (आ.व. २०८०/०८१) | ८० |
| तालिका नं. ७० : | समावेशी समूहको सिफारिसको विवरण (आ.व. २०८०/०८१) | ८१ |
| तालिका नं. ७१ : | महिला समूहतर्फ तहगत सिफारिसको विवरण | ८१ |
| तालिका नं. ७२ : | आदिवासी जनजाति समूहतर्फ सिफारिसको विवरण | ८२ |
| तालिका नं. ७३ : | दलित समूहतर्फ सिफारिसको विवरण | ८२ |
| तालिका नं. ७४ : | विपन्न खस आर्य, अपाङ्ग, थारु, मुस्लिम र मधेसी समावेशी समूहतर्फ सिफारिसको विवरण | ८२ |
| तालिका नं. ७५ : | बढुवा उजुरी सम्बन्धी विवरण | ८३ |
| तालिका नं. ७६ : | परामर्श सम्बन्धी विवरण | ८४ |
| तालिका नं. ७७ : | विभागीय सजायसम्बन्धी परामर्श दिइएको विवरण | ८४ |
| तालिका नं. ७८ : | प्रतिरक्षा सम्बन्धी विवरण | ८५ |

## चित्र सूची


| चित्र नम्बर | शीर्षक | पेज नं. |
|---|---|---|
| चित्र नं. १ : | आयोगको सङ्गठन संरचना | ७ |
| चित्र नं. २: | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ११ |
| चित्र नं.३: | विज्ञापित पद सङ्ख्या | २६ |
| चित्र नं. ४: | खुला तथा समावेशी विज्ञापित पदसङ्ख्या | २९ |
| चित्र नं. ५: | प्रतिस्पर्धात्मक परीक्षातर्फको विज्ञापनमा दरखास्त | ३२ |
| चित्र नं. ६: | आवेदकको प्रदेशगत स्थिति | ३४ |
| चित्र नं.७: | जिल्लागत आवेदक | ३८ |
| चित्र नं. ८ : | आ.व. २०८०/०८१ मा खुला तथा समावेशी समूहमा सिफारिस | ५७ |
| चित्र नं. ९ : | प्रदेश र स्थानीय तहमा सिफारिस | ५८ |
| चित्र नं. १०: | आ.व. २०८०/०८१ को स्थानीय तहगत सिफारिस | ६३ |

# आयोगको परिचय, गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोग गठन भएको छ। वि.सं. २००८ सालमा गठन भएको लोक सेवा आयोगले विकास एवम् अवलम्बन गर्दै आएको अभ्यास, विधि, मापदण्ड र सिद्धान्त समेतलाई आधार मानी यस आयोगले कार्यसम्पादन गर्दै आएको छ।

## १.२ गठन

१) नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा भएको व्यवस्था अनुसार गण्डकी प्रदेश सभावाट पारित गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा रहेको छ।

२) आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ।

३) आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ।

## १.३ काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ बमोजिम प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, सर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(६) आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार तोकेबमोजिमको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १.४ उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा योग्यता, स्वच्छता,

निष्पक्षता, समान अवसर, समावेशिता र गोपनीयता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य रहेको छ।

गण्डकी प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, नवलपरासी (बर्दघाट सुस्तापूर्व) गरी प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका समेत जम्मा ८५ वटा स्थानीय तहहरू आयोगको कार्यक्षेत्र भित्र पर्दछन्। आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवाँ स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाका सेवामा रिक्त हुन आएका विभिन्न पदहरूको स्थायी पदपूर्तिको लागि सिफारिस गर्दछ भने प्रदेश प्रहरी सेवामा रहेका रिक्त पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्दछ। आयोगको कार्यालय पोखरा महानगरपालिका वडा नं. १७ मुस्ताङ चोकमा रहेको छ।

## १.५ आयोगका कार्यहरू:

आयोगले देहाय बमोजिमका कार्यहरू गर्दछः

(क) पदपूर्ति सम्बन्धी कार्य

- १) दक्ष/विशेषज्ञ सूचीकृत
- २) पाठ्यक्रम निर्माण
- ३) माग सङ्कलन
- ४) प्रतिशत निर्धारण
- ५) विज्ञापन प्रकाशन
- ६) प्रश्नपत्र तयारी र परिमार्जन
- ७) परीक्षा सञ्चालन तथा व्यवस्थापन
- ८) लिखित परीक्षा नतिजा तयारी र प्रकाशन
- ९) अन्तर्वार्ता तथा सिफारिस

(ख) अन्य कार्यहरू

- १) परामर्श प्रदान
- २) सामान्य सिद्धान्तको निर्धारण
- ३) निरीक्षण र अनुगमन
- ४) सुझाव प्रदान
- ५) बढुवाको उजुरी उपर निर्णय
- ६) आयोग विरुद्ध दायर भएका रिट/निवेदनमा प्रतिरक्षा

७) वार्षिक प्रतिवेदन पेश

८) अध्ययन, अनुसन्धान तथा प्रवर्धन

९) समन्वय र सहयोग

## १.६ वार्षिक प्रतिवेदन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० ले गरेको व्यवस्था बमोजिम आयोगले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगले स्थापनाकालदेखि वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। यो प्रतिवेदन आयोगको चौथो वार्षिक प्रतिवेदन रहेको छ।

# आयोगका कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

नेपालको संविधानमा प्रदेश लोक सेवा आयोग गठनको व्यवस्था रहेकोमा सोही बमोजिम आवश्यक कानुन निर्माण तथा कर्मचारी व्यवस्थापन गरी प्रदेश लोक सेवा आयोगको स्थापना, गठन र सञ्चालन भएको छ।

### २.१.१ संवैधानिक तथा कानुनी व्यवस्था

**(क) नेपालको संविधान**

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा एक प्रदेश लोक सेवा आयोग रहने र उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था रहेको छ। यस्तो कानुन निर्माण हुनुअघि सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड तोक्न सक्ने संबैधानिक व्यवस्थाअनुरुप प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ।

**(ख) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५**

नेपालको संविधानबमोजिम सङ्घीय संसदबाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ। यस ऐनले निर्धारण गरेको आधार र मापदण्डले प्रदेश लोक सेवा आयोग सम्बन्धी कानुनी व्यवस्था गरी हरेक प्रदेशमा आयोगहरू स्थापना गर्ने आधार प्रदान गरेको छ।

**(ग) गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई आयोगको कार्यसम्पादनको मुख्य कानुनी आधारको रूपमा अङ्गीकार गरिएको छ। यस ऐनले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य तथा अधिकार र कार्य सञ्चालन विधि सम्बन्धमा व्यवस्था गरेको छ। यसले आयोगलाई प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन भूमिका खेल्ने आधार प्रदान गरेको छ।

**(घ) गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८०**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ ले दिएको अधिकारअनुसार आयोगले गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० जारी गरेको छ। यस नियमावलीमा आयोगले नयाँ नियुक्ति र बढुवाका लागि उम्मेदवार सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ।

**(ङ) गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८०**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी आयोगले निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस निर्देशिकाले आयोगका आन्तरिक कामहरूलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्य राखेको छ।

**(च) गण्डकी प्रदेश प्रहरी ऐन, २०७७**

गण्डकी प्रदेश प्रहरी ऐनको दफा २५ बमोजिम प्रदेश प्रहरी सेवाको लागि खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने पदपूर्ति समितिको नेतृत्व आयोगका अध्यक्ष वा निजले तोकेको सदस्यले गर्ने व्यवस्था छ।

**(छ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९**

गण्डकी प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै प्रदेश निजामती प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ जारी गरेको छ।

**(ज) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९**

गण्डकी प्रदेश भित्रका स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै सार्वजनिक प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी गरेको छ।

**(झ) प्रदेश लोक सेवा आयोगसम्बद्ध अन्य ऐन, नियमावली र कार्यविधिहरू**

प्रदेश लोक सेवा आयोगसम्बद्ध अन्य ऐन, नियमावली र कार्यविधिहरूमा गण्डकी प्रदेश सुशासन ऐन, २०७६, गण्डकी प्रदेश सुशासन नियमावली, २०७६, गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७६, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७, प्रदेश लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष वा विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०, प्रदेश बढुवा समितिको (कार्य व्यवस्थापन) कार्यविधि, २०८०, स्थानीय तह बढुवा समितिको (कार्य व्यवस्थापन) कार्यविधि, २०८०, अधिकृत नवौं तह अप्राविधिक पदको इन बास्केट अभ्यास परीक्षा सञ्चालन तथा व्यवस्थापन (विधि र मापदण्ड) सम्बन्धी कार्यविधि, २०८०, वनरक्षक पदको शारीरिक तथा तन्दुरुस्ती परीक्षण सम्बन्धी मापदण्ड, २०८० आदि प्रमुख छन्।

### २.१.२ सङ्गठन संरचना र जनशक्ती

**क) सङ्गठन संरचना:**

आयोगमा एक अध्यक्ष र दुई सदस्यसहित तीनजना पदाधिकारी रहेका छन्। आयोगका काम कारबाहीलाई थप व्यवस्थित र मर्यादित तुल्याउन अध्यक्ष र सदस्यहरूबिच कार्य विभाजन गरिएको छ। आयोगमा ३ वटा

महाशाखा र १० वटा शाखामा गरी कुल ४९ जना कर्मचारीको दरबन्दी रहेको छ। आयोगको सचिवको रूपमा प्रदेश सचिव, महाशाखा प्रमुखको रूपमा उपसचिव र शाखा प्रमुखको रूपमा शाखा अधिकृतको दरबन्दी रहेको छ।

आयोगको स्वीकृत सङ्गठन संरचना र जनशक्तिको विस्तृत विवरण देहाय अनुसार रहेको छ :




*चित्र नं. १: सङ्गठन संरचना*

**ख) दरबन्दी तेरिज र कार्यरत जनशक्ति:**

आयोगको स्वीकृत सङ्गठन संरचनामा रहेका ४९ पदहरूमध्ये प्रतिवेदन अवधिसम्म ३६ जना कर्मचारी कार्यरत रहेका छन्। आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १**

**दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्बन्धी विवरण**

| क्र.स. | पद | श्रेणी/तह | सेवा/समूह | कर्मचारी दरबन्दी | कार्यरत जनशक्ति |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प. प्रथम/ ११ | नेपाल प्रशासन/प्रदेश प्रशासन | १ | १ |
| २ | उप-सचिव | ९/१० | प्रदेश प्रशासन/प्रशा. | २ | २ |

| क्र.स. | पद | श्रेणी/तह | सेवा/समूह | कर्मचारी दरबन्दी | कार्यरत जनशक्ति |
|---|---|---|---|---|---|
| ३ | उप-सचिव | ९/१० | प्रदेश शिक्षा/शिक्षा प्रशासन | १ | १ |
| ४ | प्रशासकीय अधिकृत/वरिष्ठ प्रशासकीय अधिकृत | ७/८ | प्रदेश प्रशासन/प्रशा. | ६ | ३ |
| ५ | मनोविज्ञानवेत्ता | ७/८ | प्रदेश शिक्षा/मनो. | १ | - |
| ६ | लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत | ७/८ | प्रदेश प्रशासन/लेखा | १ | १ |
| ७ | सूचना प्रविधि अधिकृत | ७/८ | | १ | - |
| ८ | कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत | रा.प.तृतीय / ७/८ | नेपाल न्याय/कानुन/प्रदेश कानुन | १ | १ |
| ९ | वरिष्ठ प्रशासन सहायक/सहायक प्रशासकीय अधिकृत | ५/६ | प्रदेश प्रशासन/प्रशा. | १० | ६ |
| १० | कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अधिकृत | ५/६ | प्रदेश प्रशासन/विविध | ६ | ५ |
| ११ | तथ्याङ्क सहायक/सहायक तथ्याङ्क अधिकृत | ५/६ | प्रदेश प्रशासन/विविध | १ | - |
| १२ | सहायक चौथो | ४ | प्रदेश प्रशासन/प्रशा. | ४ | ३ |
| १३ | लेखा सहायक | ४ | प्रदेश प्रशासन/लेखा | १ | - |
| १४ | ह.स.चा. | (सेवा करारमा) | प्रदेश प्रशासन | ६ | ६ |
| १५ | का.स. | (सेवा करारमा) | प्रदेश प्रशासन | ७ | ७ |
| कुल जम्मा | | | | ४९ | ३६ |

### २.१.३ आयोगका पदाधिकारीहरूको कार्य विभाजन

आयोगको काम कारबाहीलाई व्यवस्थित गर्न गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को व्यवस्थाअनुसार आयोगका पदाधिकारीको देहायबमोजिम कार्य विभाजन गरी कार्यसम्पादन गरिदैं आएको छ ।

तालिका नं. २

कार्यविभाजन सम्बन्धी विवरण

| क्र.सं | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १. | अध्यक्ष<br>श्री विष्णुप्रसाद नेपाल | परीक्षा सञ्चालन तथा व्यवस्थापन |
| | | प्रश्नपत्र परिमार्जन |
| | | अन्तर्वार्ता तथा सिफारिस |
| | | वढुवा, उजुरी र विभागीय सजाय |
| | | कानुन र परामर्श प्रदान |
| २. | सदस्य<br>श्री कल्पना लम्साल | परीक्षण प्रविधि  र पाठ्यक्रम विकास |
| | | शैक्षिक योग्यता निर्धारण |
| | | उत्तरपुस्तिका परीक्षण |
| | | लिखित परीक्षा नतिजा प्रकाशन |
| | | आयोगका प्रकाशन/ विज्ञापन प्रकाशन, वार्षिक प्रतिवेदन र सूचना प्रविधि |
| | | अनुसन्धान तथा विकास |
| ३. | सदस्य<br>श्री योगेन्द्र गौचन | प्रतिशत निर्धारण |
| | | दरखास्त व्यवस्थापन |
| | | लिखित परीक्षा नतिजा तयारी |
| | | कच्चा प्रश्नपत्र सङ्कलन |
| | | दक्ष वा विशेषज्ञ सूची तयारी र अध्यावधिक |

## २.२ कार्यसम्पादनका सिद्धान्तहरू

संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश लोक सेवा आयोगको गठन भई आवश्यक नीति तथा कानुनका आधारमा सञ्चालन हुँदै आएको छ। आयोगले लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्डलाई मार्गनिर्देशक सिद्धान्त मानी आफ्ना काम कारबाही अगाडि बढाउँदै आएको छ।

### २.२.१ योग्यताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सिप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान् हुने विश्वास गरिन्छ।

### २.२.२ निष्पक्षताको सिद्धान्त

आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैंन ।

### २.२.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ ।

### २.२.४ समान अवसरको सिद्धान्त

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

### २.२.५ समावेशिताको सिद्धान्त

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीतिबमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बिच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने गरिएको छ

### २.२.६ द्विअन्ध सिद्धान्त

पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारी समेत दिँइदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो भन्ने जानकारी हुँदैन । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनविज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णतः अनविज्ञ रहन्छन् । त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

### २.२.७ परिचय शून्यताको सिद्धान्त

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षणपश्चात वैयक्तिक पहिचानविहिन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रियामार्फत पत्ता लगाइन्छ ।

### २.२.८ असंलग्नताको सिद्धान्त

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशनसम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराइदैंन।

### २.२.९ गोपनीयताको सिद्धान्त

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। आयोगको अनलाइन डाटाबेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ। यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथसाथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

## २.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्दा आयोगले अवलम्बन गर्ने कार्य प्रक्रियालाई तलको चित्रमा प्रस्तुत गरिएको छ।




*चित्र नं. २: कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह*

माथिको चित्रमा प्रतिशत निर्धारण गर्दा बढुवातर्फ प्रतिशत निर्धारण भएका पदहरूमा आयोगमा प्राप्त दरखास्तहरू बढुवा समितिको सचिवालयमा पठाउने गरिन्छ। प्रदेश प्रहरी सेवाको पदमा प्रचलित कानुन बमोजिम विज्ञापनका लागि सहमति दिने र सोको लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था छ।

### २.३.१ वार्षिक कार्यतालिका

आयोगले आर्थिक वर्ष शुरु भएको पहिलो दिन श्रावण १ गते पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। कार्यतालिकामा उक्त आर्थिक वर्ष भित्र सञ्चालन गरिने पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यहरू र सम्पन्न गरिने समयावधि समावेश गरिएको हुन्छ।

### २.३.२ पाठ्यक्रम निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ७ मा पाठ्यक्रम समिति र नियम ८ मा पाठ्यक्रम निर्माण प्रकृया सम्बन्धि व्यवस्था रहेको छ भने गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ८ मा पाठ्यक्रम निर्माण सम्बन्धी रहेको व्यवस्था अनुरूप आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाका पाठ्यक्रममा पदपूर्ति हुने पदको कार्यविवरण, न्यूनतम शैक्षिक योग्यता र समसामयिक विषयवस्तु समेतलाई आधार लिई एकै प्रकार वा फरक फरक हुने गरी पाठ्यक्रम निर्धारण गरी आवश्यक पर्ने पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ।

### २.३.३ माग सङ्कलन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३ मा माग सङ्कलनसम्बन्धी व्यवस्था रहेको छ। प्रदेश निजामती सेवाको अधिकृत वा सो सरहभन्दा माथिको पदमा सेवा सञ्चालन गर्ने मन्त्रालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् पठाउनु पर्दछ। सहायक स्तरका पदमा सम्बन्धित कार्यालयले तालुक मन्त्रालयमार्फत् र स्थानीय तहहरूले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी आयोगमा पठाउनु पर्ने व्यवस्था छ।

### २.३.४ प्रतिशत निर्धारण

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा पदपूर्ति सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहबाट माग सङ्कलन भएपछि गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४ र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५ बमोजिम बढुवा, अन्तरतह, आन्तरिक र खुला तथा समावेशी पद सङ्ख्या छुट्याई प्रतिशत निर्धारण गरिन्छ।

### २.३.५ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने व्यवस्था

रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ११ मा रहेको व्यवस्था अनुसार आयोगले विज्ञापन वा बढुवा सूचना प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखिएमा सङ्कलन भएको रिक्त पद सङ्ख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित निकायले सात दिनभित्र यकिन विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था समेत रहेको छ।

प्रदेश प्रहरीको हकमा कार्यतालिकामा निर्धारित समयमा रिक्त पदको अवस्थासहित उक्त संस्थाको कानुनमा भएको पदपूर्तिसम्बन्धी व्यवस्थाअनुसार प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नुपर्दछ। आयोगको सहमति प्राप्त भइसकेपछि संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। यस्तो विज्ञापन राष्ट्रिय दैनिक पत्रिका तथा आयोगको वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशन गरिन्छ।

### २.३.६ दरखास्त सङ्कलन, छानविन एवम् स्वीकृति

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणालीमार्फत् दरखास्त सङ्कलन गरिन्छ। गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम १४ मा दरखास्त फाराम उपर छानबिन गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १५ बमोजिम छानबिन गरी प्राप्त भएका दरखास्त तोकिएका कर्मचारीहरूबाट सोही निर्देशिकाको दफा १६ बमोजिम रुजु एवम् स्वीकृत गरिन्छ। बढुवातर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझिलिई प्रचलित कानुनबमोजिम तोकिएको बढुवा समितिको सचिवालयमा पठाइन्छ।

### २.३.७ स्वीकृत नामावली प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १८ को व्यवस्थाबमोजिम खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुन दरखास्त दिने उम्मेदवारको दरखास्त स्वीकृत भएपछि अन्तिम नामावली प्रकाशन गरिन्छ।

### २.३.८ प्रश्नपत्र निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम १८ तथा गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २० को व्यवस्थाबमोजिम विज्ञापित पदहरूको लिखित परीक्षा सञ्चालनका लागि सूचीकृत दक्ष/विशेषज्ञहरूबाट पाठ्यक्रमका आधारमा कच्चा प्रश्नपत्र निर्माण गरिन्छ।

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २६ बमोजिम आयोगका पदाधिकारीबाट दक्ष/विशेषज्ञ मनोनयन गराई गोप्य रूपमा आमन्त्रण गरी आवश्यक सङ्ख्यामा प्रश्नपत्र परिमार्जन गरिन्छ। परिमार्जन भई भण्डारण भएका सिलबन्दी प्रश्नपत्र सेट मध्येबाट आयोगका अध्यक्षले छनोट गरेको प्रश्नपत्र सेट गोप्य तरिकाबाट छपाई गरी लिखित परीक्षा सञ्चालनमा प्रयोग गरिन्छ।

### २.३.९ लिखित परीक्षा सञ्चालन र व्यवस्थापन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम २१ र गण्डकी प्रदेश लोक सेवा आयोग

(कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ३१ मा परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी रहेको प्रावधान अनुसार परीक्षा केन्द्र निर्धारण गरी लिखित परीक्षा सञ्चालन गरिन्छ। लिखित परीक्षा सञ्चालनका लागि जनशक्ति, उत्तरपुस्तिका, परीक्षा सामग्री लगायत आवश्यक व्यवस्थापन गरिन्छ। परीक्षालाई मर्यादित, व्यवस्थित र शान्तिपूर्ण रूपमा सञ्चालन गर्न सुरक्षा निकायको सहयोग लिने गरिएको छ। आयोगबाट तोकिएका पदाधिकारी तथा कर्मचारीबाट परीक्षाको सुपरिवेक्षण एवम् आयोगका पदाधिकारीबाट निगरानी गर्ने व्यवस्था रहेको छ।

### २.३.९ उत्तरपुस्तिका सङ्केतीकरण

लिखित परीक्षावाट प्राप्त उत्तरपुस्तिकालाई गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ७ मा उत्तरपुस्तिका सङ्केतीकरण गर्ने व्यवस्था छ। लिखित परीक्षा सम्पन्न भएपश्चात् वस्तुगत र विषयगत उत्तरपुस्तिकाहरूमा आयोगको पदाधिकारीले तोकेको कर्मचारीले प्रथम र सचिवले तोकेको अधिकृत कर्मचारीले दोश्रो सङ्केत नम्बर कायम गर्ने व्यवस्था रहेको छ। आयोगले परिपालना गर्ने द्विअन्धको सिद्धान्त अनुरूप प्रथम सङ्केत नम्बर राख्ने कार्यमा संलग्न रहेका कुनै पनि कर्मचारीलाई दोश्रो सङ्केत नम्बर राख्ने कार्यमा संलग्न गराईंदैन। बारकोड प्रयोग हुने Optical Mark Reader (OMR) उत्तरपुस्तिकाको हकमा उत्तर खण्ड र विवरण खण्ड विच्छेद गरी उत्तर खण्ड परीक्षणको लागि सम्बन्धित शाखामा पठाइन्छ भने विवरण खण्ड सिलबन्दी गरी सुरक्षित साथ सचिवको जिम्मामा राखिने व्यवस्था छ।

### २.३.१० उत्तरपुस्तिका परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५३ मा उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था रहेको छ। लिखित परीक्षामा वस्तुगत बहुउत्तर प्रश्न मात्र हुने उत्तरपुस्तिकाको हकमा एउटा मात्रै उत्तरपुस्तिका प्रयोग गरिन्छ। लिखित परीक्षामा विषयगत परीक्षा दिनुपर्ने एकभन्दा बढी खण्ड हुने प्रश्नको हकमा प्रत्येक खण्डका लागि फरक फरक उत्तरपुस्तिका प्रयोग गरिन्छ। प्रत्येक खण्डको फरक फरक दक्ष वा विशेषज्ञद्वारा आयोगको कार्यालयमा नै परीक्षण गराइन्छ। नवौं तह र सोभन्दा माथिल्ला पदका उत्तरपुस्तिकाहरू दोहोरो परीक्षण समेत गरिन्छ।

### २.३.११ लिखित परीक्षा नतिजा तयारी

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ८ मा लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी व्यवस्था रहेको छ। आयोगका पदाधिकारीबाट मनोनित दक्ष वा विशेषज्ञवाट सम्बन्धित विषयका उत्तरपुस्तिका परीक्षण गराई उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरूको दोस्रो सङ्केत नम्बरका आधारमा पहिलो पत्रको बारकोड नम्बर प्राप्त गर्न लिखित परीक्षा नतिजा प्रकाशन गर्ने शाखामा पठाइन्छ। लिखित परीक्षा नतिजा प्रकाशन गर्ने शाखाले दोस्रो सङ्केत नम्बरका आधारमा पहिलो पत्रको बारकोड उपलब्ध गराउँदछ। लिखित नतिजा तयारी गर्ने शाखाले दोस्रो सङ्केत नम्बर र बारकोडका आधारमा दोस्रो चरणमा उत्तीर्ण उम्मेदवारको दुवै चरणको प्राप्ताङ्क जोडी दोस्रो सङ्केत नम्बरका आधारमा योग्यताक्रम सूची प्रमाणित गरी नतिजा प्रकाशन गर्न लिखित परीक्षा नतिजा प्रकाशन गर्न सम्बन्धित शाखामा पठाइन्छ।

### २.३.१२ लिखित परीक्षा नतिजा प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ९ बमोजिम नतिजा तयारी शाखाबाट प्राप्त उत्तीर्ण उम्मेदवारहरूको दोस्रो सङ्केत/बारकोड नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूची अनुसार उम्मेदवारहरूलाई लिखित नतिजा प्रकाशन शाखाबाट क्रमशः खुला तथा समावेशी समूहअनुसार विसङ्केतीकरण गरी उम्मेदवारको विवरण पत्ता लगाइन्छ। अन्तर्वार्तामा छनौट भएका उम्मेदवारहरूको वर्णानुक्रम अनुसार रोल नं., नाम थर, बाबु, बाजे र छनौट भएको समावेशी समूह राखी अन्तर्वार्ता कार्यक्रम सहित सूचना प्रकाशन गरिन्छ।

### २.३.१४ प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सिप परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ५९ बमोजिम पाठ्यक्रमको आधारमा प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सिप परीक्षण सञ्चालन गर्ने गरिन्छ।

### २.३.१५ सामूहिक छलफल, इन बास्केट एक्सरसाइज तथा मामिला प्रस्तुतीकरण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ६० बमोजिम प्रशासन सेवा तर्फ नवौँ तहको लागि इन बास्केट एक्सरसाइज तथा सातौँ र आठौँ तहका पदमा लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको लागि अन्तर्वार्ता अगाडि मूल्याङ्कन समितिले दिएको विषयवस्तुमा सामूहिक छलफल सञ्चालन गर्ने गरिन्छ। सामूहिक छलफलमा दिइएको विषयवस्तुमा सहभागीले छलफल एवम् विश्लेषण गरी प्रस्तुति गर्ने गर्दछन्। समस्या पहिचान गर्न सक्ने क्षमता, समाधानका उपाय पत्ता लगाउने क्षमता, तार्किक क्षमता, मौलिकता र सृजनशीलता, व्यवहार, वौद्धिक क्षमता, निर्णय गर्नसक्ने क्षमता, नेतृत्व लिन सक्ने क्षमता र धैर्यता लगायतका विषयहरूलाई आधार मानी उम्मेदवारहरूको मूल्याङ्कन गरिन्छ।

### २.३.१६ अन्तर्वार्ता र सिफारिस

लिखित परीक्षावाट छनौट हुने उम्मेदवारलाई गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३४ तथा गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३५ बमोजिम अन्तर्वार्ताको लागि आयोगका अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा सम्बन्धित दक्ष वा विशेषज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गरी उम्मेदवारहरूको अन्तर्वार्ता लिइने गरिएको छ। उक्त अन्तर्वार्ताको लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम पूर्णाङ्क तोकिएको हुन्छ।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३५ बमोजिमको अन्तिम नतिजा प्रकाशन गर्ने र गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३६ बमोजिम नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४० बमोजिम लिखित परीक्षाको कुल प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा वा सिप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्तामा प्राप्त अङ्कको योगको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारअनुसार योग्यताक्रमको सूची अन्तर्वार्ता तथा सिफारिस शाखाबाट तयार गरी सोही बमोजिम नियुक्तिका लागि सिफारिस गरिन्छ।

# प्रशासनिक र वित्तीय/भौतिक प्रगति

## ३.१ बैठक तथा निर्णय

प्रतिवेदन अवधिमा आयोगका २६ वटा बैठकबाट विभिन्न प्रकृतिका ४६ वटा निर्णय भएका छन्। निर्णय भएका विषयहरू र निर्णय सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

विषयगत आधारमा आयोगका निर्णयहरूको विवरण

| क्र.सं | निर्णयका विषयहरू | निर्णय सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७८/७९ सम्म | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| १ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी | ५ | ५ | ७ |
| २ | परीक्षा, अन्तर्वार्ता र नतिजा | २४ | १० | १२ |
| ३ | विभागीय सजायको परामर्श | - | - | २ |
| ४ | बढुवा सम्बन्धी | - | - | १० |
| ५ | नीति नियम सम्बन्धी | ४ | ११ | ६ |
| ६ | शैक्षिक योग्यता | - | - | २ |
| ७ | कार्य विभाजन | २ | - | ३ |
| ८ | दक्ष/विशेषज्ञको सूची | २ | - | - |
| ९ | निरीक्षण | २ | ४ | - |
| १० | विविध | १० | ३ | ५ |
| | जम्मा | ४९ | ३३ | ४६ |

## ३.२ बजेट निकासा र खर्च

आर्थिक वर्ष २०८०।८१ का लागि विभिन्न शीर्षकहरूमा कुल १४ करोड ३१ लाख ५४ हजार बजेट विनियोजन भएको छ। विनियोजित बजेट मध्ये ब.उ.शी.नं. २१००००१३ पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा शीर्षकमा ४६ लाख ८७ हजार बजेट प्राप्त भएकोमा ४० लाख ७५ हजार अर्थात ८७.१७ प्रतिशत खर्च भएको छ। ब.उ.शी.नं. २१००००११३ चालु खर्च शीर्षकमा १२ करोड ७० लाख ६७ हजार बजेट प्राप्त भएकोमा १० करोड ५२ लाख ६५ हजार अर्थात् ८२.८४ प्रतिशत खर्च भएको छ। त्यसैगरी ब.उ.शी.नं. २१००००११४ पुँजीगत तर्फ एक करोड १४ लाख बजेट प्राप्त भएकोमा ३४ लाख ३९ हजार खर्च भई ३०.१६ प्रतिशत खर्च भएको छ। ब.उ.शी.नं. अनुसार वार्षिक बजेट र खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

विनियोजित बजेट, निकासा र खर्चको विवरण (रु हजारमा)

| क्र.सं | बजेट उपशीर्षक नं. | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | वार्षिक वजेट | खर्च | खर्च प्रतिशतमा | वार्षिक वजेट | खर्च | खर्च प्रतिशतमा |
| १ | २१००००११३ (चालु) | ४६१३.०० | ४१८८.०६ | ९०.७८ | ४६८७.०० | ४०७५.५५ | ८७.१७ |
| २ | २१००००११३ (चालु) | १०९२२३.०० | ७०९६३.५५ | ६४.९७ | १२७०६७.०० | १०५२६५.९६ | ८२.८४ |
| ३ | २१००००११४ (पूँजीगत) | ३४६०.०० | ३१६६.६४ | ९१.५२ | ११४००.०० | ३४३९.३३ | ३०.१६ |
| कुल जम्मा | | ११७२९६.०० | ७८३१८.२५ | ६६.७६ | १४३१५४.०० | ११२७८०.८४ | ७८.७८ |

## ३.३ राजस्व र धरौटी

आयोगले प्रकाशन गरेको विज्ञापनमा आवेदन गर्ने उम्मेदवारले दरखास्त दस्तुर बापत तोकिएको शुल्क बुझाउनु पर्दछ। आ.व. २०८०/०८१ मा ११ करोड ३८ लाख ८० हजार राजस्व सङ्कलन भएको छ। दरखास्त सङ्कलन र अन्य कार्यबाट प्राप्त हुन आएको राजस्व तथा धरौटी रकमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

राजस्व र धरौटीको विवरण (रु हजारमा)

| क्र.सं | कार्यालय | आ.व. २०७९/०८० | | आ.व. २०८०।८१ | |
|---|---|---|---|---|---|
| | | राजस्व | धरौटी | राजस्व | धरौटी |
| १ | प्रदेश लोक सेवा आयोग, गण्डकी | ८१४०.३१ | १७३.५० | ११३८८०.९३ | ९९.२२ |

## ३.४ बेरुजुको अवस्था

आर्थिक वर्ष २०७९/०८० मा रु २० हजार ८०० बेरुजु कायम भएकोमा आ.व. २०८०।८१ को अन्त्यसम्म आईपुग्दा बेरुजु असुल उपर भएको र नियमित गर्नुपर्ने सबै बेरुजु नियमित भइ बेरुजु शून्यको अवस्था रहेको छ। महालेखा परीक्षकले दिएका सैद्धान्तिक सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ। आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण हुन बाँकी छ।आयोगको बेरुजुको विवरण देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६

बेरुजु फछ्र्यौटको विवरण (रु हजारमा)

| विवरण | आर्थिक वर्ष | रकम |
|---|---|---|
| कुल बेरुजु | २०७९/०८० सम्मको बेरुजु | २०.८० |
| जम्मा फछ्र्यौट | २०७९/०८० सम्मको फछ्र्यौट | २०.८० |
| बाँकी बेरुजु | २०७९/०८० सम्मको बाँकी | - |
| फछ्र्यौट प्रतिशत | १०० | |

## ३.५ भौतिक पूर्वाधारको अवस्था

आयोगले पोखराको मुस्ताङ्चोकस्थित नागरिक उड्डयन प्राधिकरणको भवनमा कार्य सम्पादन गर्दै आएको छ। आफ्नै कार्यालय भवन तथा परीक्षा सञ्चालन भवन नभएकाले क्याम्पस एवम् सामुदायिक तथा संस्थागत विद्यालयको सहयोग समेतमा परीक्षाहरू सञ्चालन गर्ने गरिएको छ। आयोगको कार्यालयलाई व्यवस्थित तुल्याउन सवारी साधन, भवन, प्रयोगशाला, पुस्तकालय लगायत विभिन्न पूर्वाधारको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ। सूचना सङ्कलन, प्रशोधन र सञ्चय गर्नका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले उपलब्ध गराएको सर्भरबाट उम्मेदवारहरूको अनलाइन निवेदन लिने प्रणाली सञ्चालनमा रहेको छ। आन्तरिक सूचना प्रणाली व्यवस्थापन गर्न फायरवाल, स्टोरेज र सर्भरको व्यवस्था गरिएको छ। सवारी साधन, कम्प्युटर, फर्निचर लगायत कार्य सञ्चालन गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरिएको छ।

## ३.६ निरीक्षण

गण्डकी प्रदेश लोक सेवा ऐन, २०७६ तथा गण्डकी प्रदेश लोक सेवा नियमावली २०८० मा भएको व्यवस्था अनुरूप प्रदेश भित्रका स्थानीय तहहरूमा गरिएका पदपूर्ति सम्बन्धमा निरीक्षण गरिएको छ। निरीक्षण गरिएका स्थानीय तहहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

निरीक्षण गरिएका स्थानीय तहहरू

| क्र.सं. | स्थानीय तहको नाम | जिल्ला | निरीक्षण गरिएको आ.व. | कैफियत |
|---|---|---|---|---|
| १ | अन्नपूर्ण गाँउपालिका | म्याग्दी | २०८०/०८१ | |
| २ | गण्डकी गाँउपालिका | गोरखा | २०८०/०८१ | |
| ३ | पोखरा महानगरपालिका | कास्की | २०७९/०८० | |
| ४ | पोखरा महानगरपालिका | कास्की | २०७८/०७९ | |
| ५ | बागलुङ नगरपालिका | बागलुङ | २०७८/०७९ | |
| ६ | पुतलीबजार नगरपालिका | स्याङ्जा | २०७८/०७९ | |
| ७ | व्यास नगरपालिका | तनहुँ | २०७८/०७९ | |

**निरीक्षणको क्रममा देखिएका विषयहरू**

- कतिपय स्थानीय तहहरूले रिक्त पदको माग आकृति फाराम समयमा नपठाउने तथा कामकाजमा खटाउने अभ्यासले कामकाजमा आएका कर्मचारीलाई पदपूर्ति भएको मानी रिक्त पदमा समेत माग आकृति पठाउने नगरेको साथै कामकाजमा गएका कर्मचारीको पदलाई रिक्त मानी माग आकृति फाराम पठाएको अवस्था छ।
- रिक्त पदमा माग नगरी अस्थायी, करार तथा कामकाजमा कर्मचारी राखी कार्यसम्पादन गर्ने प्रवृत्ति देखिएको छ।
- अन्य प्रदेशका स्थानीय तहबाट कामकाज गर्न आएका कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ विपरित तहवृद्धि/तह कायम गर्ने तथा कामकाजमा अन्यत्र खटाउने गरेको पाइएको छ।
- कतिपय स्थानीय तहबाट प्रचलित ऐन, नियमबमोजिम रितपूर्वक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी सिर्जना गर्नुपर्ने र उक्त पद प्रदेश किताबखानामा दर्ता भएपश्चात् आयोगमा माग गरी पठाउनु पर्नेमा सोबमोजिम नगरी अस्थायी करारमा रहेका कर्मचारीलाई मनोमानी तवरबाट दरबन्दी सिर्जना गरी आन्तरिक प्रकृयाका नाममा स्थायी गर्नेसम्मका काम भएको देखिन्छ।

## ३.७ अन्तरक्रिया तथा अभिमुखीकरण

बागलुङ, पर्वत, लमजुङ, गोरखा लगायतका जिल्ला सदरमुकाममा स्थानीय तहहरूका प्रमुख र उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, स्थानीय तहहरूका प्रमुख प्रशासकीय अधिकृत, प्रदेशस्तरका जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरूको सहभागितामा प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्बन्धी कानुनी तथा व्यवहारिक पक्षहरूमा अन्तरक्रिया कार्यक्रम गरी छलफल तथा विचार विमर्श गरिएको छ।

प्रदेशभित्रका विभिन्न सरकारी तथा सामुदायिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूमाझ सरकारी सेवाप्रति आकर्षण अभिवृद्धिका सम्बन्धमा लोक सेवा आयोगको परीक्षा प्रणाली र भर्ना सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम गरिएको छ। उक्त कार्यक्रममा सहभागीहरूसँग सरकारी कार्यालयहरूको सेवा प्रवाह, सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व, सरकारी सेवाप्रति आकर्षणका साथै लोक सेवा आयोगको परीक्षा प्रणालीका विविध पक्षहरूमा छलफल तथा अन्तरक्रिया गरिएको छ।

तालिका नं. ८

अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू

| क्र.स. | अन्तरक्रिया तथा अभिमुखीकरण गरिएको जिल्ला | आ.व. | कैफियत |
|---|---|---|---|
| १ | पर्वत | २०८०/०८१ | |
| २ | बागलुङ | २०८०/०८१ | |
| ३ | लमजुङ | २०८०/०८१ | |

| क्र.स. | अन्तरक्रिया  तथा अभिमुखीकरण गरिएको जिल्ला | आ.व. | कैफियत |
|---|---|---|---|
| ४ | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | २०७९/०८० | |
| ५ | मनाङ | २०७९/०८० | |
| ६ | म्याग्दी | २०७९/०८० | |
| ७ | स्याङ्जा | २०७९/०८० | |
| ८ | तनहुँ | २०७८/०७९ | |
| ९ | गोरखा | २०७८/०७९ | |

## ३.८ सिफारिस भएका उम्मेदवारको अभिमुखीकरण

सिफारिस भएका उम्मेदवारलाई प्रदेश लोक सेवा आयोगको भूमिका,  निजामती सेवाको परिचय, नियुक्ति लिने प्रक्रिया  र कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता लगायतका विविध पक्षहरूमा अभिमुखीकरण गरिँदै आएको छ। प्रतिवेदन अवधिमा ३२२ जना उम्मेदवारहरूलाई अभिमुखीकरण गरिएको छ। अभिमुखीकरण सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ९**

**सिफारिस भएका उम्मेदवारको अभिमुखीकरण**

| तह | उम्मेदवार सङ्ख्या |
|---|---|
| आठौँ | २२ |
| सातौँ | २०० |
| तेस्रो | १०० |
| **कुल जम्मा** | ३२२ |

## ३.९ तेस्रो वार्षिकोत्सव

माननीय प्रदेश प्रमुख डिल्लिराज भट्टज्यूको प्रमुख आतिथ्यतामा माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेश सभाका प्रतिपक्षी दलका नेता माननीय खगराज अधिकारी र लोक सेवा आयोगका पूर्व अध्यक्ष कयोदेवी यमीको उपस्थितिमा २०८० साल चैत्र ११ गते आयोगको तेस्रो वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सरकारका सचिवहरू, प्रदेश सरकार अन्तर्गतका सङ्गठित संस्थाका प्रमुखहरू, गण्डकी प्रदेशस्तरका सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा पूर्व अध्यक्ष कयोदेवी यमी एवम् पूर्व सदस्य गणेशमान गुरुङले सङ्घीय शासन प्रणालीमा लोक सेवा आयोगको भूमिका र यसका चुनौतीहरू सम्बन्धमा प्रकाश पार्नु भएको थियो। उक्त अवसरमा आयोगका उपलब्धि, समस्या र चुनौतीहरू विषयमा छलफल गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि माननीय प्रदेश प्रमुखबाट तेस्रो वार्षिकोत्सव स्मारिका, २०८० को विमोचन भएको थियो। स्मारिकामा आयोगले हासिल गरेका उपलब्धि, आयोगको कार्य प्रगति र सार्वजनिक प्रशासन सम्बन्धी

लेख रचना समावेश गरिएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथिबाट आयोगका एकजना कर्मचारीलाई प्रोत्साहन स्वरूप प्रशंसापत्र प्रदान गरिएको थियो।

## ३.९ प्रगति समीक्षा

आयोगले वार्षिक रूपमा सम्पादित कार्यक्रमहरूको समीक्षा गरी त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी वर्षको कार्य सम्पादनमा प्रभावकारिता ल्याउने उद्देश्यले हरेक आर्थिक वर्षको अन्त्यमा वार्षिक प्रगति समीक्षा गर्दै आएको छ। कार्यक्रममा शाखा र महाशाखागत प्रगति विवरणको प्रस्तुतिका अतिरिक्त कर्मचारी उत्प्रेरणा, क्षमता विकास, कर्मचारीको निष्ठा र सदाचारिता अभिवृद्धिबारे छलफल गर्ने गरिएको छ।

# शैक्षिक योग्यता, पाठ्यक्रम र परीक्षण प्रविधि

आयोगले रिक्त पदमा उम्मेदवार छनौट गर्दा सम्बन्धित पदका लागि निर्धारित शैक्षिक योग्यता बमोजिम पाठ्यक्रम निर्माण तथा परिमार्जन र आवश्यक नवीनतम परीक्षण प्रविधिको प्रयोग गर्दै आएको छ।

## ४.१. शैक्षिक योग्यता

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० मा विभिन्न सेवा, समूहमा रहने पदहरूको लागि शैक्षिक योग्यता निर्धारण गरिएको छ।

प्रतिवेदन अवधिमा आयोगद्वारा प्रकाशित प्रदेश कृषि सेवा, ला.पो.एण्ड डे.डे. समूह, नवौँ तह, पशु विकास अधिकृत पदको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापनमा बढुवा समितिले गरेको बढुवा सिफारिसको निर्णयउपर आयोगसमक्ष उजुरी दायर भएको थियो। गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ मा तोकिएको शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएकाले शैक्षिक योग्यता निर्धारण सुझाव समितिको सिफारिसबमोजिम आयोगबाट शैक्षिक योग्यता निर्धारण सम्बन्धमा निर्णय भएको छ।

## ४.२ पाठ्यक्रम निर्माण तथा परिमार्जन

गण्डकी प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा २० मा भएको व्यवस्थाबमोजिम आयोगले तोकेको आयोगका सदस्यको संयोजकत्वमा रहने पाठ्यक्रम समितिबाट दक्ष/विशेषज्ञ समेतको सहयोगमा तोकिएको प्रक्रिया अवलम्बन गरी प्रतिवेदन अवधिमा २१ वटा गरी हालसम्म विभिन्न तह, सेवा र समूहका १०४ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिएको छ।

तालिका नं. १०

पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण

| सेवा | आ.व. ०७९/०८० सम्म | आ.व. ०८०/०८१ | आ.व. ०८०/०८१ सम्म |
|---|---|---|---|
| इन्जिनियरिङ्ग | ७ | १० | १७ |
| कृषि | ११ | - | ११ |
| प्रशासन | ९ | ४ | १३ |
| वन | ६ | १ | ७ |
| शिक्षा | ४ | ३ | ७ |
| स्वास्थ्य | ४६ | ३ | ४९ |
| **कुल जम्मा** | **८३** | **२१** | **१०४** |

### ४.३ परीक्षण प्रविधि

आयोगले प्रदेश तथा स्थानीय तह लगायत विभिन्न सार्वजनिक सेवामा उम्मेदवार छनौट गर्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्दै आएको छ। लोक सेवा आयोगले प्रतिपादन गरेका अभ्यास, विधि तथा मापदण्डलाई आधार मानी परीक्षणका विभिन्न औजारहरू प्रयोग गरी उम्मेदवार छनौट गर्ने गरिएको छ। पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम प्रशासनतर्फको नवौँ तहका पदका लागि लिखित परीक्षा र अन्तर्वार्ताका अतिरिक्त इन बास्केट एक्सरसाइज परीक्षणको व्यवस्था गरिएको छ।सातौँ र आठौँ तहका पदहरूमा सामूहिक परीक्षण एवम् प्रशासनतर्फ सातौँ, पाँचौँ र चौथो तहका पदहरूमा कम्प्युटर सिप परीक्षण/प्रयोगात्मक परीक्षा र तेस्रो तहको वनरक्षक पदको लागि शारीरिक तन्दुरुस्ती परीक्षणलगायत उम्मेदवार छनौटका विभिन्न नवीनतम विधिहरू अवलम्बन गर्ने गरिएको छ।

परिच्छेद पाँच

# विज्ञापन र दरखास्त

प्रदेश र स्थानीय तहबाट माग आकृति फाराम प्राप्त भएपछि जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, अन्तरतह, आन्तरिक र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदको पदसङ्ख्या निर्धारण गरी विज्ञापन प्रकाशन गरिन्छ। यसरी विज्ञापन प्रकाशन गर्दा कानुन बमोजिमका समावेशी समूहको छुट्टाछुट्टै विज्ञापन नम्बर कायम गरिन्छ। विज्ञापन भएका पदहरूमा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० ले तोकेको ढाँचामा अनलाइन पद्धतिबाट दरखास्त माग गर्ने, स्वीकृत गर्ने तथा स्वीकृत नामावली प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

## ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको विभिन्न पदहरूमा पदपूर्तिसम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरी सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका आयोगले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते सार्वजनिक गर्दछ। आयोगका पदपूर्तिसम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिन्छ। आ.व. २०८०/०८१ को वार्षिक कार्यतालिका अनुसूची १ मा राखिएको छ।

## ५.२ माग सङ्कलन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २५ बमोजिम प्रदेश तथा स्थानीय तहबाट विभिन्न पदमा माग सङ्कलन हुने गरेको छ।

**क) माग सङ्कलन (प्रदेशतर्फ)**

आ.व. २०८०/०८१ मा प्रदेश स्तरमा चौथो तहदेखि नवौं तहसम्म कुल ८५ पदका लागि ४४८ पदसङ्ख्यामा माग प्राप्त भएको थियो। तीन आर्थिक वर्षमा प्राप्त मागको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ११

प्रदेश तर्फको माग सङ्कलन विवरण

| क्र.सं. | तह | आ.व. २०७८/७९ | | आ.व. २०७९/०८० | | आ.व. २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|
| | | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या |
| १ | एघारौं | - | - | ६ | ७ | - | - |
| २ | नवौं | १७ | ४८ | २५ | ५० | १९ | ६२ |

| क्र.सं. | तह | आ.व. २०७८/७९ | | आ.व. २०७९/०८० | | आ.व. २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|
| | | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या |
| ४ | आठौँ | १ | ३ | - | - | २ | ११ |
| ५ | सातौँ | ७ | १४ | - | - | २० | १७३ |
| ६ | पाँचौँ | २० | ६८ | - | - | ३१ | १३७ |
| ७ | चौथो | ७ | ३२ | - | - | १६ | ६५ |
| ८ | तेस्रो | - | - | १ | १०० | - | - |
| जम्मा | | ५२ | १६५ | ३२ | १५७ | ८५ | ४४८ |

**ख) माग सङ्कलन (स्थानीय तहतर्फ)**

प्रतिवेदन अवधिमा स्थानीय तहहरूबाट विभिन्न सेवा समूह र पदहरूको चौथो देखि नवौँ तहसम्मका पदका लागि माग सङ्कलन भएको थियो। आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय तहमा कुल ४७ पदमा १५४६ पद सङ्ख्याको लागि माग प्राप्त भएको थियो। प्राप्त मागको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.१२

स्थानीय तहतर्फको माग सङ्कलन विवरण

| क्र.सं. | तह | आ.व. २०७८/७९ | | आ.व. २०७९/०८० | | आ.व. २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|
| | | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या | पद | माग सङ्ख्या |
| १ | एघारौँ | - | - | - | - | - | - |
| २ | नवौँ | - | - | - | - | ५ | २४ |
| ४ | आठौँ | १ | १० | १ | ६ | १ | ११ |
| ५ | सातौँ | १ | ७ | १२ | ४६ | ११ | २०७ |
| ६ | छैटौँ | - | - | १२ | ९८ | - | - |
| ७ | पाँचौँ | १९ | ४९३ | - | - | १६ | ७४१ |
| ८ | चौथो | १५ | ९६१ | - | - | १४ | ५६३ |
| ९ | तेस्रो | - | - | - | - | - | - |
| | जम्मा | ३७ | १४७१ | २५ | १५० | ४७ | १५४६ |

## ५.३ प्रतिशत निर्धारण

आ.व. २०८०/०८१ मा प्रचलित कानुनबमोजिम विभिन्न तहमा प्रदेश र स्थानीय तहका जम्मा १९८६ पदसङ्ख्याको प्रतिशत निर्धारण गरिएको छ। प्रदेशतर्फ बढुवा १२१ र खुला ३२१ तथा स्थानीयतर्फ बढुवा

३७३ र खुला ११७१ पद सङ्ख्याको प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गरिएको छ। प्राप्त मागपदहरू मध्ये प्रदेशतर्फ सातौँ तहको नापी अधिकृत र कम्प्युटर इन्जिनियर, पाँचौँ तहको रेफ्रिजेरेटर टेक्निसियन, चौथो तहको हाउस किपर र स्थानीय तहतर्फ पाँचौँ तहको कानुन सहायक र महिला विकास निरीक्षक पदहरूमा सम्बन्धित सेवा सर्त सम्बन्धी नियमावलीमा पदनाम तथा शैक्षिक योग्यता नखुलेकाले जम्मा आठ पदसङ्ख्याको प्रतिशत निर्धारण गरिएको छैन। प्रदेश तथा स्थानीय तहको माग पदसङ्ख्याको बढुवा तथा खुला प्रतियोगितातर्फ तहगत प्रतिशत निर्धारण सम्वन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.१३

प्रतिशत निर्धारणको विवरण (आ.व. २०८०/०८१)

| तह | प्रदेश | | स्थानीय | | जम्मा |
|---|---|---|---|---|---|
| | बढुवा | खुला | बढुवा | खुला | |
| नवौँ | ३६ | २६ | १८ | ६ | ८६ |
| आठौँ | ० | ११ | ० | ११ | २२ |
| सातौँ | ६६ | १०५ | ८० | १२७ | ३७८ |
| पाँचौँ | १९ | ११७ | २७५ | ४६४ | ८७५ |
| चौथो | ० | ६२ | ० | ५६३ | ६२५ |
| कुल जम्मा | १२१ | ३२१ | ३७३ | ११७१ | १९८६ |

## ५.४ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा आयोगले खुला तथा समावेशी र बढुवातर्फ पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। माग प्राप्त भएपछि आयोगले प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितामा पद सङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरेर विज्ञापन प्रकाशन गरी दरखास्त आह्वान गर्ने गरिएको छ। प्रतिवेदन अवधिमा बढुवातर्फ(सूचना सङ्ख्या) १११ र प्रतिस्पर्धात्मक परीक्षातर्फ (विज्ञापन सङ्ख्या) ४३६ बाट बढुवा ४९४, आन्तरिक प्रतियोगिता २१. अन्तरतहमा ४३, खुला ८०७ र समावेशी समूह ६२१ गरी जम्मा १९८६ पदसङ्ख्याको विज्ञापन प्रकाशन गरिएको छ।




*चित्र नं.३: विज्ञापित पद सङ्ख्या*

### ५.४.१ बढुवाको विज्ञापन

बढुवाको विज्ञापन अन्तर्गत जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनको बढुवाको विज्ञापन गरिएको छ । प्रदेश तथा स्थानीय तहअन्तर्गत विभिन्न सेवा तथा तहका लागि गरिएका विज्ञापनको विवरण उल्लेख गरिएको छ ।

**(क) बढुवाको प्रकारगत विज्ञापन**

प्रतिवेदन अवधिमा प्रदेशतर्फ १२१ र स्थानीयतर्फ ३७३ पदसङ्ख्याको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनमा २५२ र कार्यक्षमता मूल्याङ्कनमा २४२ गरी जम्मा ४९४ पदसङ्ख्याको लागि बढुवाको विज्ञापन प्रकाशन गरिएको छ । बढुवाको विज्ञापनको प्रकारगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

बढुवाको प्रकारगत विज्ञापन विवरण (आ.व. २०८०/०८१)

| विज्ञापनको प्रकार | प्रदेश | | | | स्थानीय | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | नवौँ | सातौँ | पाँचौँ | जम्मा | नवौँ | सातौँ | पाँचौँ | जम्मा | |
| जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २१ | ३६ | ९ | ६६ | १० | ४२ | १३४ | १८६ | २५२ |
| कार्यक्षमता मूल्याङ्कन | १५ | ३० | १० | ५५ | ८ | ३८ | १४१ | १८७ | २४२ |
| जम्मा | ३६ | ६६ | १९ | १२१ | १८ | ८० | २७५ | ३७३ | ४९४ |

**(ख) बढुवाको सेवागत तथा तहगत विज्ञापन**

प्रदेश र स्थानीय तहमा नवौँ तहमा ५४, सातौँ तहमा १४६ र पाँचौँ तहमा २९४ पद सङ्ख्याका लागि गरिएको विज्ञापन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

बढुवाको सेवागत तथा तहगत विज्ञापन विवरण (आ.व. २०८०/०८१)

| तह | सेवा | नवौँ | सातौँ | पाँचौँ | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश | इन्जिनियरिङ | ५ | १९ | ४ | २८ |
| | कृषि | १ | १९ | - | २० |
| | प्रशासन | १६ | १८ | ७ | ४१ |
| | वन | ६ | १० | २ | १८ |
| | शिक्षा | २ | - | - | २ |
| | स्वास्थ्य | ६ | - | ६ | १२ |
| | जम्मा | ३६ | ६६ | १९ | १२१ |
| स्थानीय | इन्जिनियरिङ | ९ | ११ | ६८ | ८८ |
| | कृषि | - | २९ | ४४ | ७३ |

| तह | सेवा | नवौं | सातौं | पाँचौं | जम्मा |
|---|---|---|---|---|---|
| | प्रशासन | ६ | ४० | १११ | १५७ |
| | स्वास्थ्य | ३ | - | ५२ | ५५ |
| | जम्मा | १८ | ८० | २७५ | ३७३ |
| **कुल जम्मा** | | **५४** | **१४६** | **२९४** | **४९४** |

### ५.४.२ आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन

आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा कुल १४९२ पदसङ्ख्याका लागि विज्ञापन प्रकाशन गरिएको छ।

**(क) प्रतिस्पर्धात्मक परीक्षाको प्रकारगत विज्ञापन**

प्रतिवेदन अवधिमा अन्तरतहमा ४३, आन्तरिक प्रतियोगितामा २१, खुलामा ८०७ र समावेशी समूह (८ प्रकार) मा ६२१ गरी जम्मा १४९२ पदसङ्ख्याका लागि विज्ञापन प्रकाशन गरिएको छ। प्रतिस्पर्धात्मक परीक्षाको प्रकारगत विज्ञापनको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १६**

**प्रतिस्पर्धात्मक परीक्षाको प्रकारगत विज्ञापन विवरण (आ.व. २०८०/०८१)**

| पदपूर्तिको किसिम | नवौं | आठौं | सातौं | पाँचौं | चौथो | जम्मा |
|---|---|---|---|---|---|---|
| अन्तर तह | ६ | - | ३७ | - | - | ४३ |
| आन्तरिक | ४ | - | - | - | १७ | २१ |
| खुला | १८ | १३ | ११३ | ३२६ | ३३७ | ८०७ |
| महिला | ४ | ३ | ३२ | ९१ | ९२ | २२२ |
| आ.ज. | - | २ | २६ | ६९ | ७४ | १७१ |
| दलित | - | २ | ११ | ३८ | ४२ | ९३ |
| वि.खस आर्य | - | २ | ९ | २८ | २७ | ६६ |
| अपाङ्ग | - | - | ३ | १२ | १२ | २७ |
| थारु | - | - | १ | ८ | ८ | १७ |
| मुस्लिम | - | - | - | ५ | ८ | १३ |
| मधेशी | - | - | - | ४ | ८ | १२ |
| **कुल जम्मा** | **३२** | **२२** | **२३२** | **५८१** | **६२५** | **१४९२** |




*चित्र नं. ४: खुला तथा समावेशी विज्ञापित पदसङ्ख्या*

**(ख) प्रतिस्पर्धात्मक परीक्षाको सेवागत तथा तहगत विज्ञापन**

प्रदेशतर्फ ७४ र स्थानीय तहतर्फ ४०१ गरी सेवागत रूपमा सबैभन्दा बढी प्रशासन सेवामा ४७५ पदसङ्ख्या विज्ञापन गरिएको छ। तहगत रूपमा नवौँ तहमा ३२, आठौँ तहमा २२, सातौँ तहमा २३२, पाँचौँ तहमा ५८१ र चौथो तहमा ६२५ पदसङ्ख्याको विज्ञापन गरिएको छ। विज्ञापनको सेवागत तथा तहगत पद सङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १७**

**प्रतिस्पर्धात्मक परीक्षाको सेवागत तथा तहगत विज्ञापन विवरण (आ.व. २०८०/०८१)**

| सेवा/तह | नवौँ | आठौँ | सातौँ | पाँचौँ | चौथो | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रदेश | २६ | ११ | १०५ | ११७ | ६२ | ३२१ |
| इन्जिनियरिङ | - | - | २५ | २८ | १० | ६३ |
| कृषि | - | - | ३२ | ३५ | ४ | ७१ |
| प्रशासन | ६ | - | २६ | १५ | २७ | ७४ |
| वन | ३ | - | १७ | ५ | ३ | २८ |
| शिक्षा | १ | - | २ | ९ | १ | १३ |
| स्वास्थ्य | १६ | ११ | ३ | २५ | १७ | ७२ |
| स्थानीय | ६ | ११ | १२७ | ४६४ | ५६३ | ११७१ |
| इन्जिनियरिङ | ३ | - | १९ | १०१ | १२९ | २५२ |
| कृषि | - | - | ४६ | ६९ | ४० | १५५ |
| प्रशासन (शिक्षा समेत) | २ | - | ५९ | १७८ | १६२ | ४०१ |
| स्वास्थ्य | १ | ११ | ३ | ११६ | २३२ | ३६३ |
| **कुल जम्मा** | ३२ | २२ | २३२ | ५८१ | ६२५ | १४९२ |

## ५.५ दरखास्त

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणाली मार्फत् दरखास्त सङ्कलन गर्ने गरिएको छ। सङ्कलन गरिएका दरखास्त आयोगबाट तोकिएका कर्मचारीहरूबाट गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम १० बमोजिम रुजु एवम् स्वीकृत गरी अन्तिम नामावली प्रकाशन गरिन्छ। प्रतिवेदन अवधिमा बढुवातर्फ ९६७ र आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षामा २,४४,११२ दरखास्त प्राप्त भएको छ।

### ५.५.१ बढुवाको विज्ञापनमा दरखास्त

प्रतिवेदन अवधिमा बढुवाका विज्ञापनमा परेका दरखास्तहरू प्रदेश र स्थानीय तहगत र सेवागत रूपमा तलका तालिकाहरूमा उल्लेख गरिएको छ। प्राप्त दरखास्तहरू आवश्यक कारबाहीका लागि सम्बन्धित बढुवा समितिको सचिवालय रहने निकायमा पठाइएको छ।

**(क) प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त**

प्रतिवेदन अवधिमा प्रदेशतर्फ २८४ र स्थानीय तहतर्फ ६८३ गरी प्राप्त ९६७ दरखास्तहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १८

प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त विवरण (आ.व. २०८०/०८१)

| किसिम | सेवा/तह | नवौँ | सातौँ | पाँचौँ | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश | इन्जिनियरिङ | ६ | ३६ | - | ४२ |
| | कृषि | १ | ५४ | - | ५५ |
| | प्रशासन | ३४ | ७३ | १ | १०८ |
| | वन | २५ | ३१ | ८ | ६४ |
| | शिक्षा | ९ | - | - | ९ |
| | स्वास्थ्य | ४ | - | २ | ६ |
| | जम्मा | ७९ | १९४ | ११ | २८४ |
| स्थानीय | इन्जिनियरिङ | - | २३ | ११८ | १४१ |
| | कृषि | १ | ६५ | ९ | ७५ |
| | प्रशासन | १३ | १०४ | १२२ | २३९ |
| | स्वास्थ्य | - | - | २२८ | २२८ |
| | जम्मा | १४ | १९२ | ४७७ | ६८३ |
| **कुल जम्मा** | | ९३ | ३८६ | ४८८ | ९६७ |

(ख) **बढुवाको प्रकारगत दरखास्त**

प्रतिवेदन अवधिमा जेष्ठता तथा का.स.मू.द्वारा हुने बढुवामा ३४२ र कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा ६२५ दरखास्त प्राप्त भएको छ। जेष्ठता तथा का.स.मू.द्वारा हुने बढुवामा सातौं तहको १६७ पद सङ्ख्यामा र कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा सबैभन्दा बढी पाँचौं तहको ३५९ पद सङ्ख्यामा दरखास्त प्राप्त भएको छ। प्राप्त भएका दरखास्तहरूको प्रकारगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १९

बढुवाको प्रकारगत दरखास्त विवरण (आ.व. २०८०/०८१)

| बढुवा प्रकार | सेवा/तह | नवौं | सातौं | पाँचौं | जम्मा |
|---|---|---|---|---|---|
| जेष्ठता तथा का.स.मू.द्वारा हुने बढुवा | इन्जिनियरिङ | ४ | २५ | १ | ३० |
| | कृषि | २ | ५२ | ४ | ५८ |
| | प्रशासन | २० | ७५ | ७ | १०२ |
| | वन | १५ | १५ | ४ | ३४ |
| | शिक्षा | ४ | - | - | ४ |
| | स्वास्थ्य | १ | - | ११३ | ११४ |
| | जम्मा | ४६ | १६७ | १२८ | ३४२ |
| कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा | इन्जिनियरिङ | २ | ३४ | ११७ | १५३ |
| | कृषि | ० | ६७ | ५ | ७२ |
| | प्रशासन | २७ | १०२ | ११६ | २४५ |
| | वन | १० | १६ | ४ | ३० |
| | शिक्षा | ५ | - | - | ५ |
| | स्वास्थ्य | ३ | - | ११७ | १२० |
| | जम्मा | ४७ | २१९ | ३५९ | ६२५ |
| **कुल जम्मा** | | ९३ | ३८६ | ४८८ | ९६७ |

**५.५.२ आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त**

प्रतिवेदन अवधिमा प्रकाशित विभिन्न तहका विज्ञापनहरूमा १,२७,७०१ आवेदकहरूबाट आन्तरिक प्रतियोगितातर्फ ९२३, अन्तर तहतर्फ १५५६, खुलातर्फ १,२६,६१३ र समावेशी समूहतर्फ १,१५,०२० गरी २,४४,११२ सङ्ख्यामा दरखास्त परेका छन्। प्रतिस्पर्धात्मक परीक्षातर्फको विज्ञापनमा प्राप्त दरखास्तको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०**

**प्रतिस्पर्धात्मक परीक्षातर्फको दरखास्त विवरण (आ.व. २०८०/०८१)**

| विज्ञापनको प्रकार | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक | ३४४ | ५७९ | ९२३ | ०.३८ |
| अन्तर तह | ४०० | ११५६ | १५५६ | ०.६४ |
| खुल्ला | ५३६१४ | ७२९९९ | १२६६१३ | ५१.८७ |
| महिला | ५२४३१ | - | ५२४३१ | २१.४८ |
| आ.ज. | ११७७५ | १००१६ | २१७९१ | ८.९३ |
| दलित | २९२४ | ५४३७ | ८३६१ | ३.४३ |
| विपन्न खस आर्य | २७८१ | ६८२६ | ९६०७ | ३.९४ |
| अपाङ्ग | ४७७ | १८९० | २३६७ | ०.९७ |
| थारु | ९६० | १८४१ | २८०१ | १.१५ |
| मुस्लिम | २०७ | ८३४ | १०४१ | ०.४३ |
| मधेशी | ३६४१ | १२९८० | १६६२१ | ६.८१ |
| जम्मा | १२९५५४ | ११४५५८ | २४४११२ | १००.०० |




*चित्र नं. ५: प्रतिस्पर्धात्मक परीक्षातर्फको विज्ञापनमा दरखास्त*

### ५.५.३ प्रतिस्पर्धात्मक परीक्षामा तहगत रूपमा दरखास्त दिने आवेदक

प्रतिवेदन अवधिमा विज्ञापन भएका १४९२ पद सङ्ख्याको लागि महिलातर्फ ५४ हजार २१३ र पुरुषतर्फ ७३ हजार ४८८ गरी कुल १ लाख २७ हजार ७०१ आवेदकहरूबाट समावेशी समूहहरूमा समेत गरी २लाख ४४ हजार ४१२ दरखास्त प्राप्त भएका छन् । प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदक सबैभन्दा बढी चौथो तहमा देखिन्छ । दरखास्त दिने आवेदकको विवरण तहगत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २१

प्रतिस्पर्धात्मक परीक्षामा तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण (आ.व. २०८०/०८१)

| तह | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| एघारौँ | - | - | - | - |
| नवौँ | ४१ | ३६४ | ४०५ | ०.३१ |
| आठौँ | ९४ | ३७९ | ४७३ | ०.३७ |
| सातौँ | ३०६६ | ८०४५ | ११११११ | ८.७० |
| पाँचौँ | २१०६७ | ३०५८७ | ५१६५४ | ४०.४४ |
| चौथो | २९९४५ | ३४११३ | ६४०५८ | ५०.१६ |
| तेस्रो | - | - | - | - |
| **जम्मा** | ५४२१३ | ७३४८८ | १२७७०१ | १०० |

### ५.५.४ दरखास्त दिने आवेदकको भौगोलिक, सामाजिक र वैयक्तिक स्थिति

प्रतिवेदन अवधिमा आयोगको अनलाइन प्रणालीमार्फत दरखास्त दिने आवेदकको स्थितिलाई निजहरूले पेश गरेको विवरणको आधारमा वर्गीकरण गरी तल उल्लेख गरिएको छः

**(क) दरखास्त दिने आवेदकको भौगोलिक स्थिति**

प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदकको स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी ४७.९४ प्रतिशत पहाड र सबैभन्दा कम १३.७९ प्रतिशत हिमाली क्षेत्रबाट दरखास्त परेको छ भने तराई क्षेत्रबाट ३८.२६ प्रतिशत दरखास्त प्राप्त भएको छ। भौगोलिक क्षेत्रअनुसार परेका दरखास्त दिने उम्मेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २२

दरखास्त दिने आवेदकको भौगोलिक विवरण (आ.व. २०८०/०८१)

| भौगोलिक क्षेत्र | दरखास्त दिने आवेदक | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| हिमाल | ७५६१ | १००५४ | १७६१५ | १३.७९ |
| पहाड | ३०६५४ | ३०५६९ | ६१२२३ | ४७.९४ |
| तराइ | १५९९८ | ३२८६५ | ४८८६३ | ३८.२६ |
| **जम्मा** | ५४२१३ | ७३४८८ | १२७७०१ | १००.०० |

(ख) **दरखास्त दिने आवेदकको प्रदेशगत स्थिति**

प्रदेशगत रूपमा सबैभन्दा बढी मधेश प्रदेशबाट २३.९९ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशबाट ५.८२ प्रतिशत आवेदकको दरखास्त परेको छ। लैङ्गिक रूपमा विश्लेषणा गर्दा सबैभन्दा बढी महिला आवेदक गण्डकी प्रदेशबाट र पुरुष आवेदक मधेश प्रदेशबाट रहेका छन् । दरखास्त दिने आवेदकको प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २३**

**दरखास्त दिने आवेदकको प्रदेशगत विवरण** (आ.व. २०८०/०८१)

| प्रदेश | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| कोशी | ३६१३ | ३८४१ | ७४५४ | ५.८४ |
| मधेश | ७९०१ | २२७३५ | ३०६३६ | २३.९९ |
| बागमती | ४०४६ | ३३९० | ७४३६ | ५.८२ |
| गण्डकी | १४२४१ | ८७०० | २२९४१ | १७.९६ |
| लुम्बिनी | ९२४८ | १००५३ | १९३०१ | १५.११ |
| कर्णाली | ९१६८ | १३१८६ | २२३५४ | १७.५० |
| सुदूरपश्चिम | ५९९६ | ११५८३ | १७५७९ | १३.७७ |
| कुल जम्मा | ५४२१३ | ७३४८८ | १२७७०१ | १०० |




*चित्र नं. ६: आवेदकको प्रदेशगत स्थिति*

**(ग) दरखास्त दिने आवेदकको जिल्लागत स्थिति**

प्रतिवेदन अवधिमा दरखास्तको स्थितिलाई हेर्दा ७७ वटै जिल्लाबाट दरखास्त प्राप्त भएको देखिन्छ। उक्त अवधिमा गण्डकी प्रदेशको स्याङ्जा जिल्लाबाट सबैभन्दा बढी ४ हजार ९८३ आवेदक र मनाङ जिल्लाबाट सबै भन्दा कम १९ जना आवेदकले दरखास्त दिएका छन्। दरखास्त दिने आवेदकको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २४**

**दरखास्त दिने आवेदकको जिल्लागत विवरण (आ.व. २०८०/०८१)**

| क्र. सं. | जिल्ला | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १. | स्याङ्जा | ३१४९ | १८३४ | ४९८३ | ३.९० |
| २. | सप्तरी | १२४१ | ३५०० | ४७४२ | ३.७१ |
| ३. | सर्लाही | १३०७ | ३३२५ | ४६३१ | ३.६३ |
| ४. | रौतहट | १०४६ | ३२८८ | ४३३४ | ३.३९ |
| ५. | सिरहा | १०२७ | २९५२ | ३९७९ | ३.१२ |
| ६. | धनुषा | ९३१ | २९९३ | ३९२४ | ३.०७ |
| ७. | रुकुम (पश्चिम भाग) | १८२९ | २०२१ | ३८५० | ३.०१ |
| ८. | महोत्तरी | ८६४ | २६४१ | ३५०५ | २.७४ |
| ९. | बारा | ९३३ | २३८० | ३३१३ | २.५५ |
| १०. | कास्की | १८६० | १४२९ | ३२८९ | २.५८ |
| ११. | पर्वत | १९०७ | १३०६ | ३२१३ | २.५२ |
| १२. | जुम्ला | १२१३ | १९०७ | ३१२० | २.४४ |
| १३. | दैलेख | १२०७ | १८८० | ३०८७ | २.४२ |
| १४. | बागलुङ | २१११ | ९६५ | ३०७६ | २.४१ |
| १५. | बझाङ | ८१८ | २०१३ | २८३१ | २.२२ |
| १६. | सल्यान | १३१९ | १४५९ | २७७८ | २.१८ |
| १७. | गुल्मी | १३१२ | ११९१ | २५०३ | १.९६ |
| १८. | कैलाली | १०४५ | १४४१ | २४८६ | १.९५ |
| १९. | कालिकोट | ८०५ | १५८० | २३८५ | १.८७ |

| क्र. सं. | जिल्ला | दरखास्त दिने आवेदक | | | |
| --- | --- | --- | --- | --- | --- |
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| २०. | तनहुँ | १४५२ | ८८३ | २३३५ | १.८३ |
| २१. | बर्दिया | ११०१ | १२१८ | २३१९ | १.८२ |
| २२. | गोरखा | १३७० | ९२२ | २२९२ | १.७९ |
| २३. | अछाम | ५७२ | १६४७ | २२१९ | १.७४ |
| २४. | पर्सा | ५३९ | १६४४ | २१८३ | १.७१ |
| २५. | जाजरकोट | ८०० | १३७३ | २१७३ | १.७० |
| २६. | दार्चुला | ७९२ | १३५५ | २१४७ | १.६८ |
| २७. | सुर्खेत | १०१८ | ११२९ | २१४७ | १.६८ |
| २८. | बैतडी | ६१२ | १५३२ | २१४४ | १.६८ |
| २९. | रोल्पा | ११०६ | ८७५ | १९८१ | १.५५ |
| ३०. | दाङ | १०४४ | ८५५ | १८९९ | १.४९ |
| ३१. | कञ्चनपुर | ९१७ | ९६८ | १८८५ | १.४८ |
| ३२. | पाल्पा | १०३० | ८०१ | १८३१ | १.४३ |
| ३३. | रुपन्देही | ५९३ | ११६१ | १७५४ | १.३७ |
| ३४. | कपिलवस्तु | ५०४ | ११३२ | १६३६ | १.२८ |
| ३५. | बाजुरा | ५३४ | १०८४ | १६१८ | १.२७ |
| ३६. | प्यूठान | ७९२ | ८०२ | १५९४ | १.२५ |
| ३७. | अर्घाखाँची | ६८० | ७९२ | १४७२ | १.१५ |
| ३८. | हुम्ला | ४५१ | ९१८ | १३६९ | १.०७ |
| ३९. | लमजुङ | ८३५ | ५०९ | १३४४ | १.०५ |
| ४०. | नवलपरासी (ब.सु.पू.) | ७८३ | ५५३ | १३३६ | १.०५ |
| ४१. | डोटी | ३४२ | ९२० | १२६२ | ०.९९ |
| ४२. | सिन्धुली | ६०७ | ५८४ | ११९१ | ०.९३ |
| ४३. | बाँके | ५७९ | ५९७ | ११७६ | ०.९२ |
| ४४. | चितवन | ५६० | ४४० | १००० | ०.७८ |

| क्र. सं. | जिल्ला | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| ४५. | खोटाङ | ४९२ | ५०६ | ९९८ | ०.७८ |
| ४६. | सुनसरी | ३५९ | ६१९ | ९७८ | ०.७७ |
| ४७. | डँडेलधुरा | ३४६ | ६२५ | ९७१ | ०.७६ |
| ४८. | ओखलढुङ्गा | ५०७ | ४२३ | ९३० | ०.७३ |
| ४९. | मुगु | २८९ | ६११ | ९०० | ०.७० |
| ५०. | मोरङ | ३६३ | ४८९ | ८५२ | ०.६७ |
| ५१. | म्याग्दी | ६०३ | २४५ | ८४८ | ०.६६ |
| ५२. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३९० | ४४१ | ८३१ | ०.६५ |
| ५३. | उदयपुर | ४१० | ३८५ | ७९५ | ०.६२ |
| ५४. | धादिङ | ४८९ | ३०६ | ७९५ | ०.६२ |
| ५५. | मकवानपुर | ४३५ | ३२८ | ७६३ | ०.६० |
| ५६. | रामेछाप | ४४८ | ३१४ | ७६२ | ०.६० |
| ५७. | दोलखा | ३३५ | २९८ | ६३३ | ०.५० |
| ५८. | डोल्पा | २४२ | ३२८ | ५७० | ०.४५ |
| ५९. | काभ्रेपलाञ्चोक | २७९ | २१३ | ४९२ | ०.३९ |
| ६०. | सिन्धुपाल्चोक | २२९ | २६२ | ४९१ | ०.३८ |
| ६१. | सोलुखुम्बु | ३०९ | १७३ | ४८२ | ०.३८ |
| ६२. | झापा | १८९ | २६८ | ४५७ | ०.३६ |
| ६३. | संखुवासभा | १९८ | २५९ | ४५७ | ०.३६ |
| ६४. | नुवाकोट | २१५ | २२३ | ४३८ | ०.३४ |
| ६५. | भोजपुर | २०० | २१० | ४१० | ०.३२ |
| ६६. | काठमाडौँ | २१९ | १८२ | ४०१ | ०.३१ |
| ६७. | रुकुम (पूर्वी भाग) | २०८ | १६३ | ३७१ | ०.२९ |
| ६८. | धनकुटा | १६६ | १५७ | ३२३ | ०.२५ |

| क्र. सं. | जिल्ला | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| ६९. | इलाम | १६४ | १३२ | २९६ | ०.२३ |
| ७०. | पाँचथर | १३८ | ८९ | २२७ | ०.१८ |
| ७१. | ललितपुर | ११७ | ८२ | १९९ | ०.१६ |
| ७२. | ताप्लेजुङ | ८९ | ८७ | १७६ | ०.१४ |
| ७३. | भक्तपुर | ५९ | १०६ | १६५ | ०.१३ |
| ७४. | रसुवा | ६४ | ७४ | १३८ | ०.११ |
| ७५. | तेह्रथुम | ७० | ६१ | १३१ | ०.१० |
| ७६. | मुस्ताङ | ४० | २६ | ६६ | ०.०५ |
| ७७. | मनाङ | १५ | ४ | १९ | ०.०१ |
| जम्मा | | ५४२१३ | ७३४८८ | १२७७०१ | १०० |




*चित्र नं. ७: जिल्लागत आवेदक*

### (घ) गण्डकी प्रदेशबाट दरखास्त दिने आवेदकको जिल्लागत स्थिति

प्रतिवेदन अवधिमा गण्डकी प्रदेशबाट सबैभन्दा बढी स्याङ्जा र सबैभन्दा कम मनाङ जिल्लाबाट दरखास्त दिने आवेदक रहेका छन्। गण्डकी प्रदेशबाट दरखास्त दिने आवेदकको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २५**

**गण्डकी प्रदेशबाट दरखास्त दिने आवेदकको जिल्लागत विवरण (आ.व. २०८०/०८१)**

| क्र.सं. | जिल्ला | दरखास्त दिने आवेदक | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १ | स्याङ्जा | ३१४९ | १८३४ | ४९८३ | ३.९० |
| २ | कास्की | १८६० | १४२९ | ३२८९ | २.५८ |
| ३ | पर्वत | १९०७ | १३०६ | ३२१३ | २.५२ |
| ४ | बागलुङ | २१११ | ९६५ | ३०७६ | २.४१ |
| ५ | तनहुँ | १४५२ | ८८३ | २३३५ | १.८३ |
| ६ | गोरखा | १३७० | ९२२ | २२९२ | १.७९ |
| ७ | लमजुङ | ८३५ | ५०९ | १३४४ | १.०५ |
| ८ | नवलपरासी (ब.सु.पू.) | ७८३ | ५५३ | १३३६ | १.०५ |
| ९ | म्याग्दी | ६०३ | २४५ | ८४८ | ०.६६ |
| १० | मुस्ताङ | ४० | २६ | ६६ | ०.०५ |
| ११ | मनाङ | १५ | ४ | १९ | ०.०१ |
| जम्मा | | १०९७६ | ६८४२ | १७८१८ | १३.९५ |

### (ङ) दरखास्त दिने आवेदकको जातिगत स्थिति

प्रतिवेदन अवधिमा दरखास्त दिएका आवेदकहरूमध्ये सबैभन्दा बढी क्रमशः ब्राह्मण २५.७५ प्रतिशत, क्षेत्री २४.३७ प्रतिशत, तराई ब्राह्मण ७.०१ प्रतिशत, मगर ६.६ प्रतिशत र थारू ५.४२ प्रतिशत रहेका छन्। आवेदकहरू मध्ये ९३ जातजातिले आफ्नो जात उल्लेख गरेका छन् भने जातजातिमा अन्य उल्लेख गर्ने उम्मेदवार ५.४१ प्रतिशत रहेका छन्। जातजाति अनुसार दरखास्त दिने आवेदकको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं. २६

## दरखास्त दिने आवेदकको जातिगत विवरण (आ.व. २०८०/०८१)

| जात/जाति | तह | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | नवौं | आठौं | सातौं | पाँचौं | चौथो | | |
| ब्राह्मण | २५४ | १८५ | ५३६० | १४०१२ | १३०७२ | ३२८८३ | २५.७५ |
| छेत्री | ५५ | ५१ | २१४९ | १२४७१ | १६३९१ | ३१११७ | २४.३७ |
| तराई ब्राह्मण | ९ | ५१ | ४०९ | ३४३४ | ५०५० | ८९५३ | ७.०१ |
| मगर | १० | ७ | ५५० | ३३६३ | ४४९६ | ८४२६ | ६.६० |
| थारु | २ | १० | ३४४ | २६१९ | ३९४२ | ६९१७ | ५.४२ |
| विश्वकर्मा | ९ | १२ | १६३ | १७८६ | २५१८ | ४४८८ | ३.५१ |
| ठकुरी | ५ | ४ | २४३ | १५१३ | १९४६ | ३७११ | २.९१ |
| नेवार | ८ | १९ | २६४ | ८१५ | ८६० | १९६६ | १.५४ |
| कोईरी/कुशवाह | २ | ११ | ११२ | ७४१ | १०३० | १८९६ | १.४८ |
| तामाङ | २ | २ | ११९ | ६२५ | ७४९ | १४९७ | १.१७ |
| मुसलमान | १ | ९ | ६० | ६१२ | ७२५ | १४०७ | १.१० |
| तेली | ४ | २० | १२९ | ६११ | ७५३ | १५१७ | १.१९ |
| मिजार | ५ | १ | ७१ | ५४५ | ७९८ | १४२० | १.११ |
| राई | १ | २ | १२० | ५३४ | ७४० | १३९७ | १.०९ |
| गुरुङ | ३ | २ | ९० | ५१९ | ७२२ | १३३६ | १.०५ |
| परियार | २ | ४ | ४६ | ४३८ | ६०० | १०९० | ०.८५ |
| धानुक | २ | ८ | ४० | ४१५ | ५७५ | १०४० | ०.८१ |
| कुर्मी | - | ३ | ४२ | ३३५ | ४७३ | ८५३ | ०.६७ |
| दशनामी/सन्यासी | २ | २ | ६२ | २१२ | २३० | ५०८ | ०.३९ |
| चमार/हरिजन/राम | - | - | २३ | २११ | ३०२ | ५३६ | ०.४२ |
| कलवार | ३ | ५ | ३७ | १९९ | २०५ | ४४९ | ०.३५ |
| कानु | १ | २ | २४ | १९१ | २८९ | ५०७ | ०.४० |
| दुशाद/पासवान/पासी | १ | - | १५ | १७० | २९७ | ४८३ | ०.३८ |
| बरई | ३ | ३ | २० | १६९ | २४१ | ४३६ | ०.३४ |
| हजाम/ठाकुर | - | - | १२ | १६४ | २३४ | ४१० | ०.३२ |
| तत्मा/तत्वा | - | २ | ११ | १४३ | २४४ | ४०० | ०.३१ |

| जात/जाति | तह | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | नवौं | आठौं | सातौं | पाँचौं | चौथो | | |
| सुढी | १ | ७ | ३५ | १३२ | १४७ | ३२२ | ०.२५ |
| कुम्हार | - | १ | १३ | १३० | २२९ | ३७३ | ०.२९ |
| केवट | - | २ | ११ | १२९ | १४८ | २९० | ०.२३ |
| घर्ती/भुजेल | - | - | ३६ | १२६ | १३२ | २९४ | ०.२३ |
| लिम्बू | १ | - | ३६ | ११८ | १५८ | ३१३ | ०.२५ |
| धोवी | - | १ | ११ | ११७ | १८४ | ३१३ | ०.२५ |
| दनुवार | २ | - | १६ | ८४ | १४० | २४२ | ०.१९ |
| कायस्थ | - | ५ | २६ | ८३ | ८१ | १९५ | ०.१५ |
| कुमाल | १ | - | १० | ७७ | १०७ | १९५ | ०.१५ |
| खत्वे | - | - | ८ | ७३ | ८७ | १६८ | ०.१३ |
| रौनियार | ३ | ३ | ६ | ६० | ६२ | १३४ | ०.१० |
| सुनुवार | - | - | ५ | ५८ | ५८ | १२१ | ०.०९ |
| सोनार | २ | २ | १३ | ५३ | ७८ | १४८ | ०.१२ |
| बानियाँ | - | - | १२ | ५३ | ५८ | १२३ | ०.१० |
| माझी | - | - | ५ | ४७ | ५१ | १०३ | ०.०८ |
| नुनीया | - | १ | ३ | ४७ | ५० | १०१ | ०.०८ |
| चेपाङ/प्रजा | - | - | १ | ४७ | ४८ | ९६ | ०.०८ |
| देव | - | २ | ९ | ३८ | २७ | ७६ | ०.०६ |
| हलुवाई | - | १ | ८ | ३७ | ४२ | ८८ | ०.०७ |
| राजधोव | - | - | ५ | ३५ | ४७ | ८७ | ०.०७ |
| कथवनीया | - | १ | ९ | ३३ | ३७ | ८० | ०.०६ |
| व्यासी/सौका | - | १ | २ | ३२ | २९ | ६४ | ०.०५ |
| बड्ही/बडइ | - | - | ४ | ३० | ४९ | ८३ | ०.०६ |
| मल्लाह | - | - | ३ | २९ | ४४ | ७६ | ०.०६ |
| अमात | - | - | १ | २९ | ३५ | ६५ | ०.०५ |
| शेर्पा | - | - | ५ | २८ | ४५ | ७८ | ०.०६ |
| विन | - | - | ४ | २७ | ३६ | ६७ | ०.०५ |

| जात/जाति | तह | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | नवौँ | आठौँ | सातौँ | पाँचौँ | चौथो | | |
| भुमिहार | - | - | ५ | २४ | २८ | ५७ | ०.०४ |
| माली | - | - | १ | २३ | ३९ | ६३ | ०.०५ |
| बनिया | - | १ | ५ | २३ | २७ | ५६ | ०.०४ |
| घडेरी/भेडीयार | - | - | १ | १७ | ३३ | ५१ | ०.०४ |
| राजवंशी | - | १ | ४ | १७ | १९ | ४१ | ०.०३ |
| बिन | - | - | २ | १६ | २८ | ४६ | ०.०४ |
| भोटे | - | - | १ | १५ | २५ | ४१ | ०.०३ |
| थामी | - | - | १ | १५ | १६ | ३२ | ०.०३ |
| जिरेल | - | - | २ | १३ | २८ | ४३ | ०.०३ |
| लोध | - | - | २ | १२ | १८ | ३२ | ०.०३ |
| घले | - | - | २ | १२ | १७ | ३१ | ०.०२ |
| राजपूत | - | २ | २ | १२ | १३ | २९ | ०.०२ |
| कहर | - | - | ३ | ११ | २० | ३४ | ०.०३ |
| हायू | - | - | - | १० | १९ | २९ | ०.०२ |
| ताजपुरीया | - | - | ४ | ९ | १२ | २५ | ०.०२ |
| राजभर | - | - | १ | ८ | १६ | २५ | ०.०२ |
| राजी | - | - | - | ७ | ९ | १६ | ०.०१ |
| छन्त्याल/छन्तेल | १ | १ | २ | ६ | १२ | २२ | ०.०२ |
| थकाली | - | - | ७ | ६ | ९ | २२ | ०.०२ |
| दुरा | - | - | - | ६ | १५ | २१ | ०.०२ |
| बोटे | - | - | - | ६ | ५ | ११ | ०.०१ |
| याक्खा | - | - | २ | ६ | १ | ९ | ०.०१ |
| मुसहर | - | - | - | ६ | २ | ८ | ०.०१ |
| दराइ | - | - | २ | ५ | ८ | १५ | ०.०१ |
| मेचे | - | - | १ | ५ | ७ | १३ | ०.०१ |
| गनगाई | - | - | १ | ५ | ५ | ११ | ०.०१ |
| बादी | - | - | १ | ५ | ४ | १० | ०.०१ |
| बराम/बरामु | - | - | - | ४ | ७ | ११ | ०.०१ |

| जात/जाति | तह | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | नवौं | आठौं | सातौं | पाँचौं | चौथो | | |
| डोम | - | - | - | ३ | ६ | ९ | ०.०१ |
| बंगाली | - | - | - | २ | ४ | ६ | ०.०० |
| धिमाल | - | - | - | २ | ३ | ५ | ०.०० |
| डोल्पो | - | - | २ | २ | - | ४ | ०.०० |
| बेलदार | - | - | १ | २ | १ | ४ | ०.०० |
| खवास | - | - | - | १ | ३ | ४ | ०.०० |
| सरबरिया | - | - | - | १ | ३ | ४ | ०.०० |
| कमर | - | - | - | १ | २ | ३ | ०.०० |
| लेप्चा | - | - | - | १ | २ | ३ | ०.०० |
| कुसुण्डा | - | - | - | १ | १ | २ | ०.०० |
| खटिक | - | - | - | १ | - | १ | ०.०० |
| ल्होमी | - | - | १ | - | २ | ३ | ०.०० |
| अन्य | १० | २६ | २४३ | २७३४ | ३८९८ | ६९११ | ५.४१ |
| **जम्मा** | ४०५ | ४७३ | ११११ | ५१६५४ | ६४०५८ | १२७७०१ | १००.०० |

**(च) दरखास्त दिने आवेदकको धार्मिक स्थिति**

प्रतिवेदन अवधिमा कुल दरखास्त दिएका आवेदकहरूमध्ये हिन्दु धर्म मान्ने ९५.३४ प्रतिशत रहेका छन्। आवेदकले मान्ने धर्म अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २७**

**दरखास्त दिने आवेदकको धार्मिक स्थितिको विवरण**

| धर्म | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | ५१५२१ | ७०२२७ | १२१७४८ | ९५.३४ |
| बौद्ध | १४७२ | १२०५ | २६७७ | २.१० |
| मुस्लिम | २९० | १११० | १४०० | १.१० |
| ईसाई | ४१० | ४६४ | ८७४ | ०.६८ |
| जैन | - | १ | १ | ०.०० |
| अन्य | ५२० | ४८१ | १००१ | ०.७८ |
| **कुल जम्मा** | ५४२१३ | ७३४८८ | १२७७०१ | १००.०० |

### (छ) दरखास्त दिने आवेदकको वैवाहिक स्थिति

प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदकमध्ये ६८.९३ प्रतिशत आवेदक अविवाहित, २७.६० प्रतिशत विवाहित र ३.४७ प्रतिशत आवेदकको वैवाहिक अवस्था नखुलेको देखिन्छ।

तालिका नं. २८

दरखास्त दिने आवेदकको वैवाहिक स्थितिको विवरण (आ.व. २०८०/०८१)

| वैवाहिक अवस्था | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अविवाहित | ३५२३२ | ५२७९३ | ८८०२५ | ६८.९३ |
| विवाहित | १७५२५ | १७७१५ | ३५२४० | २७.६० |
| नखुलेको | १४५६ | २९८० | ४४३६ | ३.४७ |
| **कुल जम्मा** | **५४२१३** | **७३४८८** | **१२७७०१** | **१००.००** |

### ज) दरखास्त दिने आवेदकको रोजगारीको स्थिति

प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदकमध्ये ८३.५५ प्रतिशत आवेदक बेरोजगार, ८.०१ प्रतिशत सरकारी सेवामा र ४.३१ प्रतिशत गैर सरकारी सेवामा रोजगार रहेको देखिन्छ भने २.८१ प्रतिशत स्वरोजगार र १.३१ प्रतिशत अन्य क्षेत्रमा रोजगार रहेको देखिन्छ।

तालिका नं. २९

दरखास्त दिने आवेदकको रोजगारीको स्थितिको विवरण (आ.व. २०८०/०८१)

| रोजगारीको अवस्थाको | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| बेरोजगारी | ४७७२८ | ५८९७२ | १०६७०० | ८३.५५ |
| सरकारी सेवा | २९१९ | ७३१६ | १०२३५ | ८.०१ |
| गैर सरकारी सेवा | १७८९ | ३७१० | ५४९९ | ४.३१ |
| स्वरोजगार | १२५४ | २३३७ | ३५९१ | २.८१ |
| अन्य | ५२३ | ११५३ | १६७६ | १.३१ |
| **कुल जम्मा** | **५४२१३** | **७३४८८** | **१२७७०१** | **१००.००** |

### (झ) दरखास्त दिने आवेदकको बाबु/आमाको रोजगारीको स्थिति

प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदकमध्ये बाबु/आमाको पेशामा कृषि उल्लेख गर्ने ७६.३ प्रतिशत, जागिर उल्लेख गर्ने १०.६ प्रतिशत, व्यापार उल्लेख गर्ने ५.५ प्रतिशत, श्रम उल्लेख गर्ने ३.२ प्रतिशत र अन्य उल्लेख गर्ने ४.४ प्रतिशत रहेको देखिन्छ।

**तालिका नं. ३०**

**दरखास्त दिने आवेदकको बाबु/आमाको रोजगारीको स्थितिको विवरण (आ.व. २०८०/०८१)**

| बाबु/आमाको पेसा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| कृषि | ४०३७४ | ५७०२७ | ९७४०१ | ७६.३ |
| जागिर | ६२६२ | ७३२६ | १३५८८ | १०.६ |
| व्यापार | ३५०२ | ३५१३ | ७०१५ | ५.५ |
| श्रम | १६५३ | २४३१ | ४०८४ | ३.२ |
| अन्य | २४२२ | ३१९१ | ५६१३ | ४.४ |
| **कुल जम्मा** | **५४२१३** | **७३४८८** | **१२७७०१** | **१००.०** |

### ५.५.५ खुला र बढुवातर्फ दरखास्त नपरेका पदहरू

प्रतिवेदन अवधिमा खुला प्रतियोगितात्मक परीक्षातर्फ विज्ञापन प्रकाशन भएको स्वास्थ्य सेवा, चेष्ट डिजिजेज समूह, नवौं तह, निर्देशक पदको माग पद सङ्ख्या १ मा कुनै पनि दरखास्त प्राप्त भएको छैन।

प्रदेश र स्थानीय तहका बढुवाद्वारा पदपूर्ति हुने पदहरूमा दरखास्त नपरेका ९ पदका २४ पदसङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३१**

**बढुवातर्फ दरखास्त नपरेका पदको विवरण (आ.व. २०८०/०८१)**

| क्र.सं. | सूचना नं. | पद, सेवा, समूह | तह | पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | सि.डि.इ., इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | नवौं | १ | जेष्ठता |
| २ | २१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | नवौं | १ | जेष्ठता |
| ३ | २६ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | नवौं | १ | कार्यक्षमता |
| ४ | २८ | सि.डि.ई., इन्जिनियरिङ, सिभिल | नवौं | ५ | कार्यक्षमता |
| ५ | ३१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | नवौं | १ | जेष्ठता |
| ६ | ३२ | मेडिकल सुपरिटेण्डेन्ट, स्वास्थ्य, ज.हे.स. | नवौं | १ | जेष्ठता |
| ७ | ३३ | सि.डि.ई., इन्जिनियरिङ, सिभिल | नवौं | ४ | जेष्ठता |
| ८ | ३६ | मेडिकल सुपरिटेण्डेन्ट, स्वास्थ्य, ज.हे.स. | नवौं | १ | कार्यक्षमता |
| ९ | १३ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | सातौं | २ | कार्यक्षमता |
| १० | ५२ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | सातौं | १ | जेष्ठता |
| ११ | ९८ | वरिष्ठ आलेप सहायक प्रशासन लेखा | पाँचौं | ३ | जेष्ठता |
| १२ | १०७ | वरिष्ठ आलेप सहायक लेखा | पाँचौं | ३ | कार्यक्षमता |
| जम्मा | | | | २४ | |

# परीक्षा सञ्चालन तथा व्यवस्थापन र परीक्षण

लिखित परीक्षा सञ्चालन तथा व्यवस्थापनमा कच्चा प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा केन्द्र कायम, जनशक्ति व्यवस्थापन, प्रश्नपत्रको छपाई, परीक्षा सञ्चालन, उत्तरपुस्तिकाको संयेतीकरण, उत्तरपुस्तिका परीक्षण, लिखित परीक्षा नतिजा तयारी र प्रकाशन, कम्प्युटर सिप परीक्षण/ प्रयोगात्मक परीक्षा, शारीरिक तन्दुरुस्ती परीक्षण, सामूहिक छलफल, इनबास्केट परीक्षण अन्तरवार्ता एवम् सिफारिस लगायतका कार्यहरू आयोगबाट सम्पादन हुँदै आएका छन् ।

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

आयोगले लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालनका लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिमका प्रश्नपत्र प्रयोग गर्दछ । यस प्रक्रियामा सूचीकृत दक्ष वा विशेषज्ञहरूबाट कच्चा प्रश्नपत्र प्राप्त गरी दक्ष वा विशेषज्ञबाट परिमार्जन गरी आवश्यक सङ्ख्या परीक्षामा प्रयोग गरिन्छ । बाँकी रहेका परिमार्जित प्रश्नपत्रलाई प्रश्नपत्र बैंकमा राख्ने गरिएको छ ।

### ६.१.१ प्रश्नपत्र निर्माण

प्रतिवेदन अवधिमा दक्ष/विशेषज्ञबाट जम्मा १२४८ प्रश्नपत्र सेट निर्माण गरिएको छ । सो मध्ये लिखित परीक्षातर्फ १०३५, प्रयोगात्मक/सिप परीक्षण तर्फ १७ र इन बास्केट/सामूहिक छलफल तर्फ १९६ सेट प्रश्नपत्र सङ्कलन गरिएको छ । प्रश्नपत्र सङ्कलनसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३२

कच्चा प्रश्नपत्र सङ्कलन विवरण (आ.व. २०८०/०८१)

| सि.न. | तह | कच्चा प्रश्नपत्र प्याकेट (लिखित) | कच्चा प्रश्नपत्र प्याकेट (प्रयोगात्मक/ सिप परीक्षण) | कच्चा प्रश्नपत्र प्याकेट (इन बास्केट/ सामूहिक छलफल) | जम्मा |
|---|---|---|---|---|---|
| १ | नवौं | १०४ | - | ६ | ११० |
| २ | आठौं | १६ | - | १९० | २०६ |
| ३ | सातौं | ३३१ | १२ | - | ३४३ |
| ४ | पाँचौं | ३३८ | - | - | ३३८ |
| ५ | चौथो | २४६ | ५ | - | २५१ |
| कुल जम्मा | | १०३५ | १७ | १९६ | १२४८ |

### ६.१.२ प्रश्नपत्र परिमार्जन (मोडरेसन) तथा भण्डारण

प्रतिवेदन अवधिमा विज्ञापन भएका चौथो तहदेखि नवौँ तहका पाठ्यक्रम अनुरूप छनौट भएका दक्ष/विशेषज्ञबाट कच्चा प्रश्नपत्र सेट सङ्कलन तथा परिमार्जन गरी लिखित परीक्षा, सामूहिक छलफल, इन बास्केट एक्सरसाइज, कम्प्यूटर सिप परीक्षण/प्रयोगात्मक परीक्षा सञ्चालनको लागि ५४६ सेट प्रश्नपत्र तयार गरी भण्डारण गरिएकोमा २२० सेट प्रश्नपत्र परीक्षामा प्रयोग गरिएको छ। प्रश्नपत्र परिमार्जन तथा भण्डारण सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३३

प्रश्नपत्र परिमार्जन तथा भण्डारणको विवरण (आ.व. २०८०/०८१)

| तह | परिमार्जित प्रश्नपत्र सेट | प्रयोग भएको प्रश्नपत्र सेट | भण्डारणमा रहेका प्रश्नपत्र सेट |
|---|---|---|---|
| नवौ | ४६ | १५ | ३१ |
| आठौँ | १२ | ४ | ८ |
| सातौ/आठौ (सामूहिक छलफल) | २२ | ९ | १३ |
| सातौँ | २५६ | १२२ | १३४ |
| पाँचौँ | १२३ | ४१ | ८२ |
| चौथो | ८४ | २८ | ५६ |
| तेस्रो | ३ | १ | २ |
| **कुल जम्मा** | **५४६** | **२२०** | **३२६** |

## ६.२ लिखित परीक्षा

प्रतिवेदन अवधिमा परीक्षा सञ्चालनका लागि लोक सेवा आयोग एवम् आयोगको भवन, विभिन्न विद्यालय र क्याम्पसमा गरी नौ सय अन्ठाउन्न परीक्षा केन्द्र निर्धारण भएको थियो।

### ६.२.१ लिखित परीक्षामा उपस्थित उम्मेदवार

प्रतिवेदन अवधिमा आ.व. २०७९/०८० मा विज्ञापन भएको तेस्रो तहको वनरक्षक पद एवम् आ.व. २०८०/०८१ मा विज्ञापन भएका चौथो तहदेखि नवौँ तहसम्मको लिखित परीक्षामा कुल ३२ हजार ५०१ महिला र ४४ हजार १९ पुरुष गरी ७६ हजार ५२० उम्मेदवारहरू सहभागी भएका थिए। लैङ्गिक अवस्था र तहअनुसार लिखित परीक्षामा सहभागी भएका उम्मेदवारहरूको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. ३४

लिखित परीक्षामा उपस्थित उम्मेदवारको विवरण

विज्ञापनको प्रकारगत विज्ञापन र पदपूर्ति विवरण (आ.व. २०८०/०८१)

| विज्ञापनको प्रकार | नवौँ | | आठौँ | | सातौँ | | चौथो | | तेस्रो | | कुल जम्मा | | पदपूर्ति नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | |
| **प्रदेश** | | | | | | | | | | | | | |
| आ.प्र. | ३ | ३ | - | - | - | - | ३ | १ | - | - | ६ | ४ | २ |
| प्रदेश अन्तरतह | ४ | ३ | - | - | १५ | १३ | - | - | - | - | १९ | १६ | ३ |
| खुला | १५ | ९ | ७ | ७ | ५५ | ५५ | - | - | ५५ | ५५ | १३२ | १२६ | ६ |
| महिला | ४ | १ | १ | १ | १६ | १६ | - | - | १५ | १५ | ३६ | ३३ | ३ |
| आ.ज. | - | - | १ | १ | १३ | १३ | - | - | १२ | १२ | २६ | २६ | - |
| दलित | - | - | १ | १ | ३ | ३ | - | - | ७ | ७ | ११ | ११ | - |
| विपन्न खस आर्य | - | - | १ | १ | २ | २ | - | - | ५ | ५ | ८ | ८ | - |
| अपाङ्ग | - | - | - | - | १ | १ | - | - | २ | २ | ३ | ३ | - |
| थारु | - | - | - | - | - | - | - | - | २ | २ | २ | २ | - |
| मुस्लिम | - | - | - | - | - | - | - | - | १ | १ | १ | १ | - |
| मधेसी | - | - | - | - | - | - | - | - | १ | १ | १ | १ | - |
| जम्मा | २६ | १६ | ११ | ११ | १०५ | १०३ | ३ | १ | १०० | १०० | २४५ | २३१ | १४ |
| **स्थानीय** | | | | | | | | | | | | | |
| आ.प्र. | १ | - | - | - | - | - | - | - | - | - | १ | - | १ |
| स्थानीय अन्तरतह | २ | - | - | - | २२ | ३ | - | - | - | - | २४ | ३ | २१ |

| विज्ञापनको प्रकार | नवौँ | | आठौँ | | सातौँ | | चौथो | | तेस्रो | | कुल जम्मा | | पदपूर्ति नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | विज्ञापन | पदपूर्ति | |
| खुला | ३ | ३ | ६ | ६ | ५८ | ५८ | - | - | - | - | ६७ | ६७ | - |
| महिला | - | - | २ | २ | १६ | १६ | - | - | - | - | १८ | १८ | - |
| आ.ज. | - | - | १ | १ | १३ | १३ | - | - | - | - | १४ | १४ | - |
| दलित | - | - | १ | १ | ८ | ५ | - | - | - | - | ९ | ६ | ३ |
| विपन्न खस आर्य | - | - | १ | १ | ७ | ६ | - | - | - | - | ८ | ७ | १ |
| अपाङ्ग | - | - | - | - | २ | २ | - | - | - | - | २ | २ | - |
| थारु | - | - | - | - | १ | १ | - | - | - | - | १ | १ | - |
| जम्मा | ६ | ३ | ११ | ११ | १२७ | १०४ | - | - | - | - | १४५ | ११८ | २६ |
| **कुल जम्मा** | ३२ | १९ | २२ | २२ | २३२ | २०७ | ३ | १ | १०० | १०० | ३८९ | ३४९ | ४० |

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानुनमा भएको व्यवस्था अनुरूप आयोगले प्रतिवेदन अवधिमा तोकिएका समावेशी समूहका उम्मेदवारबिच प्रतिस्पर्धा गराई पदपूर्ति गरेको छ। यसका लागि आर्थिक वर्ष २०७९/०८० सम्म निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा रहेको प्रावधान अनुरूप र आर्थिक वर्ष २०८०/०८१ देखि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को पदपूर्ति सम्बन्धी विशेष व्यवस्था अन्तर्गत उपदफा (१) मा रहेको प्रावधान अनुरूप खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी विभिन्न समावेशी समूहमा प्रतिशत निर्धारण गरी पदपूर्ति गरिन्छ। यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ६७**

**समावेशी पदपूर्ति सम्बन्धी विवरण**

| निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन २०५३ | | गण्डकी प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ | |
|---|---|---|---|
| (क) महिला | ३३ प्रतिशत | (क) महिला | ३३ प्रतिशत |
| (ख) आदिवासी/जनजाति | २७ प्रतिशत | (ख) आदिवासी/जनजाति | २७ प्रतिशत |
| (ग) मधेसी | २२ प्रतिशत | (ग) दलित | १५ प्रतिशत |
| (घ) दलित | ९ प्रतिशत | (घ) आर्थिक रूपले विपन्न खस आर्य | १० प्रतिशत |
| (ङ) अपाङ्ग | ५ प्रतिशत | (ङ) अपाङ्गता भएका व्यक्ति | ५ प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | ४ प्रतिशत | (च) थारु | ४ प्रतिशत |
| | | (छ) मुस्लिम | ३ प्रतिशत |
| | | (ज) मधेशी | ३ प्रतिशत |

## ८.१ समावेशी विज्ञापन

प्रतिवेदन अवधिमा ८ प्रकारका समावेशी समूहमा ६२१ पदसङ्ख्याको विज्ञापन प्रकाशन गरिएको छ। समावेशी विज्ञापन सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६८

समावेशी विज्ञापनको विवरण

| क्र.सं | विवरण | आ.व. २०७९/०८० सम्म | | आ.व. २०८०/०८१ | | आ.व. २०८०/०८१ सम्म |
|---|---|---|---|---|---|---|
| | | विज्ञापन सङ्ख्या | पद सङ्ख्या | विज्ञापन सङ्ख्या | पद सङ्ख्या | पद सङ्ख्या |
| १. | महिला | ४६ | २५५ | ८५ | २२२ | ४७६ |
| २. | आदिवासी/जनजाति | १९ | १४७ | ६२ | १७१ | ३१८ |
| ३. | दलित | १० | ३७ | ३७ | ९३ | १०३ |
| ४. | आर्थिक रूपले विपन्न खस आर्य | १ | ५ | १८ | ६६ | ३२ |
| ५. | अपाङ्गता भएका व्यक्ति | १ | २ | ९ | २७ | १९ |
| ६. | थारु | १ | २ | ८ | १७ | १५ |
| ७. | मुस्लिम | १ | १ | ७ | १३ | १३ |
| ८. | मधेशी | १३ | ७५ | ४६ | १२ | १६८ |
| | **जम्मा** | ९२ | ५२४ | २७२ | ६२१ | ११४६ |

## ८.२ समावेशी विज्ञापनमा दरखास्त

प्रतिवेदन अवधिमा समावेशीतर्फ ६२१ पदसङ्ख्याको विज्ञापन प्रकाशन भएकोमा १ लाख १५ हजार २० दरखास्त परेको छ। जसमध्ये महिलामा ७५ हजार १ सय ९६ र पुरुषमा ३९ हजार ८ सय २४ दरखास्त परेको छ। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६९

समावेशी विज्ञापनमा दरखास्त विवरण (आ.व. २०८०/०८१)

| समावेशी समूह | दरखास्त सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| महिला | ५२४३१ | - | ५२४३१ |
| आ.ज. | ११७७५ | १००१६ | २१७९१ |
| दलित | २९२४ | ५४३७ | ८३६१ |
| विपन्न खस आर्य | २७८१ | ६८२६ | ९६०७ |
| अपाङ्ग | ४७७ | १८९० | २३६७ |

| समावेशी समूह | दरखास्त सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| थारु | ९६० | १८४१ | २८०१ |
| मुस्लिम | २०७ | ८३४ | १०४१ |
| मधेशी | ३६४१ | १२९८० | १६६२१ |
| **जम्मा** | ७५१९६ | ३९८२४ | ११५०२० |

## ८.३ समावेशी सिफारिस

प्रतिवेदन अवधिमा सिफारिस भएका ३४९ जना उम्मेदवारहरूमध्ये समावेशी समूहतर्फ ५६ जना महिला र ७७ जना पुरुष गरी जम्मा १३३ जना सिफारिस भएका छन् । विभिन्न समावेशी समूहमा सिफारिस भएका उम्मेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७०**

**समावेशी समूहको सिफारिसको विवरण (आ.व. २०८०/०८१)**

| सिफारिस समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| महिला | ५१ | - | ५१ |
| आ.ज. | ५ | ३५ | ४० |
| दलित | - | १७ | १७ |
| विपन्न खस आर्य | - | १५ | १५ |
| अपाङ्ग | - | ५ | ५ |
| थारु | - | ३ | ३ |
| मधेसी | - | १ | १ |
| मुस्लिम | - | १ | १ |
| **कुल जम्मा** | ५६ | ७७ | १३३ |

### ८.३.१. महिला समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा महिला समावेशी समूहमा सिफारिस भएका ५१ जना उम्मेदवारहरूको तहगत सिफारिसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७१**

**महिला समूहतर्फ तहगत सिफारिसको विवरण**

| तह | नवौँ | आठौँ | सातौँ | चौथो | तेस्रो | जम्मा |
|---|---|---|---|---|---|---|
| पदसङ्ख्या | १ | ३ | ३१ | - | १५ | ५१ |

### ८.३.२ आदिवासी जनजाति समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा आदिवासी जनजाति समूहका लागि भएको विज्ञापनबाट विभिन्न तहमा ४० जना सिफारिस भएका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७२

आदिवासी जनजाति समूहतर्फ सिफारिसको विवरण

| तह | नवौँ | आठौँ | सातौँ | चौथो | तेस्रो | जम्मा |
|---|---|---|---|---|---|---|
| महिला | - | - | ५ | - | - | ५ |
| पुरुष | - | २ | २१ | - | १२ | ३५ |
| जम्मा | - | २ | २५ | - | १२ | ४० |

### ८.३.३ दलित समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा दलित समूहतर्फको विज्ञापनमा १७ जना उम्मेदवार सिफारिस भएका छन् । यस समूहतर्फ कुनै पनि महिला उम्मेदवार सिफारिस भएका छैनन् । विभिन्न तहमा सिफारिस भएका दलित समूहका उम्मेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७३

दलित समूहतर्फ सिफारिसको विवरण

| तह | नवौँ | आठौँ | सातौँ | चौथो | तेस्रो | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | - | २ | ८ | - | ७ | १७ |

### ८.३.४ विपन्न खस आर्य, अपाङ्ग, थारु, मुस्लिम र मधेसी समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा विपन्न खस आर्य १५ जना, अपाङ्गता भएका व्यक्ति पाँच जना, थारु तीन जना, मुस्लिम एक र मधेसी एक जना उम्मेदवार विभिन्न तहमा सिफारिस भएका छन् । यी समूहतर्फ कुनै पनि महिला उम्मेदवार सिफारिस भएका छैनन् । सिफारिस उम्मेदवारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७४

विपन्न खस आर्य, अपाङ्ग, थारु, मुस्लिम र मधेसी समावेशी समूहतर्फ सिफारिसको विवरण

| तह | विपन्न खस आर्य | अपाङ्ग | थारु | मुस्लिम | मधेसी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| आठौँ | २ | - | - | - | - | २ |
| सातौँ | ८ | ३ | १ | - | - | १२ |
| तेस्रो | ५ | २ | २ | १ | १ | ११ |
| कुल जम्मा | १५ | ५ | ३ | १ | १ | २५ |

# उजुरी, परामर्श र प्रतिरक्षा

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा (५) मा विभिन्न विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भएबमोजिम विभिन्न विषयमा परामर्श माग भई आउने गरेका छन्। आयोगको नियमित कामकारबाहीका सम्बन्धमा विभिन्न निकायमार्फत उजुरी तथा गुनासो प्राप्त हुने गरेको र त्यस्ता उजुरी तथा गुनासोलाई आयोगले आवश्यक सम्बोधन गर्दै आएको छ। विभिन्न मन्त्रालयहरूमा रहने बढुवा समितिले गरेका बढुवा सिफारिस उपर आयोगमा उजुरी दिने व्यवस्था रहेबमोजिम आयोगमा पर्न आएका उजुरी उपर उजुरीको व्यहोरा, बढुवा समितिको प्रतिक्रिया तथा कागजात समेतका आधारमा निर्णय गरिँदैआएको छ। यसका साथै आयोगले प्रकाशन गर्ने विज्ञापन, दरखास्त सङ्कलन, शैक्षिक योग्यता, बढुवाका प्रावधान लगायतका विषयमा आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा रिट/निवेदन दायर हुने गरेका र त्यस्ता रिट/निवेदनमा मुख्य न्यायधिवक्ताको कार्यालयमार्फत् आयोगको तर्फबाट प्रतिरक्षा हुँदै आएको छ। प्रतिरक्षाका लागि आवश्यक पर्ने प्रमाण तथा कागजात सङ्कलनमा आयोगको सम्बन्धित शाखाबाट आवश्यक समन्वय हुँदै आएको छ।

## ९.१ उजुरी

प्रतिवेदन अवधिमा स्थानीय तहबाट कर्मचारीको तहवृद्धि गरेको विषयसँग सम्बन्धित दुई वटा उजुरी उपर आवश्यक छानबिन गरी कारबाही गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएकोमा सम्बन्धित स्थानीय तहबाट कागजात माग गरी सोसम्बन्धमा आयोगको बैठकबाट आवश्यक निर्णय भई सोको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सम्बन्धित निकायलाई पठाइएको छ।

## ९.२ बढुवा सिफारिस उपरको उजुरीको निर्णय

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४४ मा बढुवा समितिले गरेको बढुवा सिफारिस उपर आयोगमा उजुरी दिन सक्ने प्रावधान रहेको छ। प्रतिवेदन अवधिमा बढुवा सम्बन्धी उजुरीउपर आयोगबाट भएका निर्णयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७५

बढुवा उजुरी सम्बन्धी विवरण

| क्र.स. | सेवा | उजुरी सङ्ख्या | बढुवा समितिको निर्णय सदर सङ्ख्या | बढुवा समितिको संशोधन भएको सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रदेश कृषि | ३ | १ | २ |
| २ | प्रदेश स्वास्थ्य | २ | - | २ |

| क्र.स. | सेवा | उजुरी सङ्ख्या | बढुवा समितिको निर्णय सदर सङ्ख्या | बढुवा समितिको संशोधन भएको सङ्ख्या |
|---|---|---|---|---|
| ३ | स्थानीय कृषि | १ | १ | - |
| जम्मा | | ६ | २ | ४ |

## ९.३ कर्मचारी सेवाका शर्तसम्बन्धी कानुनमा परामर्श

आर्थिक वर्ष २०७९/०८० सम्ममा विभिन्न १४ वटा विषयमा परामर्श प्रदान गरिएको थियो। आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को मस्यौदा र प्रदेश किताबखानामा वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्दा सेवा, समूह, उपसमूह र पदनाम मिलानका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट परामर्श माग भई आएकोमा सो विषयमा परामर्श उपलब्ध गराइएको छ। परामर्श सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७६

परामर्श सम्बन्धी विवरण

| आ.व. | परामर्श दिइएको सङ्ख्या |
|---|---|
| २०७९/०८० सम्म | १४ |
| २०८०/०८१ मा | २ |

## ९.४ विभागीय सजायका सम्बन्धमा परामर्श

प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरूको विभागीय सजायका विषयमा आयोगको परामर्श लिनुपर्ने प्रावधान अनुरूप आयोगले आर्थिक वर्ष २०८०/०८१ को अवधिमा विभागीय सजायका विषयमा १ जना कर्मचारीलाई कारबाही गर्ने गरी परामर्श दिएको छ।

तालिका नं. ७७

विभागीय सजायसम्बन्धी परामर्श दिइएको विवरण

| क्र.स. | परामर्शको विषय | अधिकृतस्तर | | सहायक स्तर | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | तलब वृद्धि रोक्का गर्ने | - | - | - | १ | - | १ | १ |

## ९.५ प्रतिरक्षा

प्रतिवेदन अवधिसम्ममा आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत पोखरा र उच्च अदालत पाटनमा गरी जम्मा ३९ थान रिट निवेदन दायर भएकोमा सात थान रिट खारेज भएका छन्, दुइ थान रिट जारी भएको छ भने तीन थान रिट निवेदन निवेदकबाट फिर्ता भएकोमा चार थान निवेदन तामेलीमा रहेका छन्। हाल दुवै तहका अदालतमा गरी २३ थान रिट विचाराधीन अवस्थामा रहेका छन्। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७८

प्रतिरक्षा सम्बन्धी विवरण

| आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा दायर भएका रिट/निवेदनको स्थिति | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | रिट निवेदनको प्रकृति | दायर गरिएको अदालतगत लगत सङ्ख्या | | | फर्छ्यौट | | | | विचाराधीन |
| | | सर्वोच्च अदालत | उच्च अदालत पोखरा/पाटन | जम्मा | रिट खारेज | रिट जारी | निवेदन फिर्ता/अन्य | जम्मा | |
| १ | परामर्श विना जारी भएका ऐन बदरको निर्णय उपर दायर भएका | ५ | - | ५ | - | - | ३ | ३ | २ |
| २ | परीक्षा सम्बन्धी (विज्ञापन, पाठ्यक्रम, शैक्षिक योग्यता तथा समावेशी) | ४ | ८ | १२ | ६ | १ | १ | ८ | ४ |
| ३ | बढुवा सम्बन्धी | १२ | ५ | १७ | १ | १ | २ | ४ | १३ |
| ४ | उम्मेद्वार सिफारिस सम्बन्धी | - | ५ | ५ | - | - | १ | १ | ४ |
| **जम्मा** | | २१ | १८ | ३९ | ७ | २ | ७ | १६ | २३ |

परिच्छेद दश

# साङ्गठनिक सुधार र नवप्रवर्तन

## १०.१ रणनीतिक योजना निर्माण

आयोगको कार्य सम्पादनलाई योजनाबद्ध, प्रभावकारी र व्यवस्थित बनाउन रणनीतिक योजनाको आवश्यकता महसुस गरी रणनीतिक योजना तर्जुमा गरिएको छ। रणनीतिक योजनाको मुख्य उद्देश्य नेपालको संविधान, प्रदेश लोक सेवा आयोग(आधार र मापदण्ड) ऐन, २०७५ र प्रदेश कानुन प्रदत्त अधिकार प्रयोग गरी प्रदेश र स्थानीय तहको निजामती एवम् सरकारी सेवाका लागि उपयुक्त मानव संसाधन छनौट तथा सिफारिस गर्ने कार्य कुशलतापूर्वक सम्पादन गर्नु रहेको छ।

रणनीतिक योजनामा आयोगको इतिहास, संविधान प्रदत्त भूमिका, यसले आर्जन गरेको छवि र प्राप्त गरेका उपलब्धि तथा विगत तीन वर्षको अनुभव र सिकाइहरू साथै यसका वर्तमान आन्तरिक संरचनामा रहेका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू, आयोगले सामना गर्नुपरेका चुनौती र अवसरहरूको विश्लेषण गरिएको छ। रणनीतिक योजनामा आयोगको सामुन्ने रहेका सवालहरूको पहिचान गरी महत्त्व र प्राथमिकता समेटिएको छ।

योग्य र उपयुक्त मानव संसाधनको छनोट र व्यवस्थापनमार्फत् गण्डकी प्रदेशको समृद्धि गर्ने दुरदृष्टि, योग्यता प्रणालीको प्रबर्द्धन र स्वच्छ तथा निष्पक्ष विधिको अवलम्बन गर्दै उपयुक्त उम्मेदवार छनौट तथा आपूर्ति गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सहयोग पुऱ्याउने ध्येय र योग्यता, निष्पक्षता, स्वच्छता, समावेशिताजस्ता मुलभूत मान्यता सहितको आयोगको रणनीतिक योजना २०८०/०८१-२०८५/०८६ तर्जुमा गरिएको छ।

## १०.२ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण

लोक सेवा आयोगको अभ्यास, विधि, मापदण्ड र सिद्धान्तलाई आत्मसात् गर्दै सबै लोक सेवा आयोगहरूको कार्यसम्पादनमा एकरूपता ल्याउन लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनबाट जारी भएको घोषणालाई समेत दृष्टिगत गरेर आयोगले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी तयार गरेको नयाँ सङ्गठन संरचना प्रदेश सरकारबाट स्वीकृत भएको छ। स्वीकृत सङ्गठन संरचनामा तीनवटा महाशाखा र दशवटा शाखा कायम भएका छन् र सोही अनुसार महाशाखा र शाखा क्रियासिल भई कार्य सम्पादन भइरहेको छ।

## १०.३ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि

आयोगको अनलाइन पोर्टल http://onlineppsc.gandaki.gov.np मार्फत् इच्छुक उम्मेदवारहरूले विज्ञापनमा आवेदन गर्न पाउने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८०/०८१ सम्ममा २ लाख ४३ हजार ७५३ प्रयोगकर्ताहरूले यस अनलाइन प्रणालीको प्रयोग गरेको देखिन्छ।

आयोगको वेवसाइट http://ppsc.gandaki.gov.np मा दक्ष/विशेषज्ञको सूचीमा समावेश हुन चाहने

व्यक्तिहरूको लागि अनलाइन प्रणालीमार्फत् समेत सूचीकृत हुन सक्ने व्यवस्था मिलाइएको छ। हालसम्म १२९४ दक्ष/विशेषज्ञ आयोगको सूचीमा सुचीकृत भएका छन्। साथै सेवाग्राही एवम् सरोकारवालाहरूले आयोगको काम कारबाहीका बारेमा अनलाइन पोर्टलमार्फत् पृष्ठपोषण दिन सक्ने व्यवस्था गरी सहभागितामूलक प्रणालीलाई प्रबर्द्धन गर्न खोजिएको छ।

## १०.४ असल अभ्यास अवलम्वन

आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार, लोक सेवा आयोग तथा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। यस कार्य अन्तर्गत आयोगले कर्मचारीहरूको लागि अभिमुखीकरण, तालिम, सेमिनार, गोष्ठी, अवलोकन भ्रमण, लोक सेवा आयोग र अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमहरूमा सहभागिता रहने कार्यलाई निरन्तरता दिँदै आएको छ। प्रतिवेदन अवधिमा लोक सेवा आयोगका सचिव, सहसचिव तथा निवर्तमान अध्यक्ष तथा पूर्व सचिवहरूबाट आयोगमा कार्यरत कर्मचारीहरूलाई लोक सेवा आयोगको असल अभ्यास तथा अनुभव प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ।

## १०.५ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन

लोक सेवा आयोगको आयोजनामा मिति २०८० साल फागुन २३ र २४ गते कर्णाली प्रदेशको सुर्खेत जिल्लामा आयोजित लोक सेवा आयोग र सातै प्रदेश लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। कार्यक्रममा लोक सेवा आयोगका अध्यक्ष, पदाधिकारी र कर्मचारीहरू, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा अनुभवको आदान-प्रदान, सम्पादन गरिएका असल अभ्यासहरू, कार्य सम्पादनमा आइपरेका समस्या र चुनौतीहरूबारे छलफल भएको थियो। सम्मेलनले लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका काम कारबाहीसँग सम्बन्धित घोषणापत्र जारी गरेको छ।

राष्ट्रिय सम्मेलनमा जारी गरिएका घोषणापत्र र निर्णयहरूको कार्यान्वयन गरिँदै आएको छ। समयानुसार पाठ्यक्रम निर्माण तथा परिमार्जन, असल अभ्यास आदान प्रदान, साङ्गठानिक संरचनामा एकरूपता कायम गर्न पूनरावलोकन, खर्च मापदण्डमा एकरुपता, सूचना प्रविधि र तथ्याङ्कलाई भरपर्दो र विश्वसनीय बनाउन एकआपसमा समन्वय र सहकार्य गर्ने गरिएको छ। लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र अनुसूची २ मा प्रस्तुत गरिएको छ।

## १०.६ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन

प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्ने छनोट पद्धति तथा कार्यविधिको प्रक्रियालाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्न साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलन विरेन्द्रनगर, सुर्खेतमा २०८० फागुन २१ र २२ गते सम्पन्न भई विभिन्न निर्णय तथा घोषणापत्र जारी भएको छ। प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलनबाट पारित घोषणापत्र अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

# ध्यानाकर्षण, सुझाव र भावी योजना

आयोगले कार्यसम्पादनका क्रममा अनुभूत गरेका निम्न विषयहरूमा ध्यानाकर्षण र सुझाव प्रस्तुत गरिएको छ।

## ११.१ ध्यानाकर्षण

१. सङ्घीय निजामती सेवा विधेयक सङ्घीय संसदमा प्रस्तुत भएको छ। प्रदेश र स्थानीय तहको निजामती तथा सरकारी सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन (नियुक्ति, सरुवा, बढुवा आदि कार्य) प्रदेश कानुनबमोजिम हुने संवैधानिक व्यवस्थाबमोजिम प्रदेश र स्थानीय तहको कर्मचारी सेवा, सर्त सम्बन्धी कानुन जारी भई कार्यान्वयनमा आइसकेको अवस्थामा पनि सङ्घीय निजामती सेवाबाट प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत खटिई आउने प्रस्ताव गरिएको छ। यसरी संघीय निजामती सेवाबाट खटी आउने प्रदेश सचिव र प्रमुख प्रशासकिय अधिकृतबाट संविधानको भावना र मर्म अनुरूप प्रदेश र स्थानीय तहको नीति कार्यक्रम निर्माण र कार्यान्वयन गर्न सहज हुँदैन।

२. सङ्घ, प्रदेश र स्थानीय सेवामा कार्यरत कर्मचारी तोकिएको प्रकृयाद्वारा चाहेको तहको सेवामा जानसक्ने अवसर सृजना गर्न सकिएमा कर्मचारीमा एक-अर्को तहको अनुभवको उपयोग, वृत्तिविकासको दायरा फराकिलो, अन्तर तहका निजामती प्रशासनबिच सद्भाव अभिवृद्धि र समग्र राष्ट्र निर्माणमा सहयोग पुग्न गई संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्तित्व कायम गराउन समेत सघाउ पुग्ने देखिन्छ।

३. नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन,२०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ विपरीत कतिपय स्थानीय तहले आयोगको परामर्श विना ठुलो सङ्ख्यामा कर्मचारी स्थायी गर्ने कार्यबाट योग्यता प्रणालीको वर्खिलाप गर्ने काम भएको देखिन्छ। जसबाट समग्र प्रदेशभित्रका स्थानीय सेवाका कर्मचारीहरूको वृत्ति विकासमा समेत नकारात्मक प्रभाव परेको देखिन्छ। कानुनबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने गराउने, पद दर्ता, प्रतिशत निर्धारण जस्ता प्रक्रियाहरू अवलम्बन नगरी प्रचलित कानुन विपरीतका कार्यहरू भए गरेको देखिन्छ।

४. नेपालको संविधान, प्रदेश लोक सेवा आयोग(आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा

सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था विपरीत प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदमा करार सेवाबाट कर्मचारी भर्ना गरी कार्यसम्पादन गर्ने प्रवृत्ति देखिन्छ। यसबाट योग्यता प्रणालीको संरक्षण एवं राज्यका निकायहरूमा नागरिकको समावेशी सहभागिता सुनिश्चित गर्ने संवैधानिक एवं कानुनी व्यवस्थामा आघात पुग्ने देखिन्छ।

५. समावेशी समूहतर्फ विपन्न खस आर्य र अपाङ्गता भएका व्यक्तिहरूका लागि कानुनमा भएको व्यवस्थामा थप स्पष्ट हुन नसक्दा लक्षित वर्गसम्म संविधान प्रदत्त हक सुनिश्चित हुन सकेको देखिँदैन।

६. प्रदेश र स्थानीय तहमा आयोगबाट सिफारिस भै नियुक्ति भएका कर्मचारीहरूको वैयक्तिक विवरण (सिटरोल) पनि दर्ता भैनसकेको, परीक्षणकाल समेत व्यतित नभएको अवस्थामा सहमति दिने, सरूवा गर्ने र कामकाजमा खटाउने प्रवृत्ति देखिन्छ। यसबाट कतिपय दुर्गमका स्थानीय तहमा कर्मचारीको कमी भई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको देखिन्छ भने अर्कोतिर प्रदेशको अभिलेख व्यवस्था, कर्मचारीको पदपूर्ति, सरुवा, बढुवा लगायतका कार्यहरूमा दीर्घकालीन असर पर्ने देखिन्छ।

७. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले व्यवस्था गरेबमोजिमका सेवा, समूह, उपसमूह र सोअन्तरगत रहने पदनामअनुसार प्रदेश सरकार र स्थानीय तहको दरबन्दी पुनरावलोकन गरी प्रदेश किताबखानामा पद दर्ता हुन सकेमा मात्र सो ऐन बमोजिम आवश्यक जनशक्तिको पदपूर्तिमा सघाउ पुग्ने देखिन्छ।

८. कतिपय स्थानीय तहले अन्य प्रदेशबाट कामकाजमा आएका कर्मचारीको समेत तहवृद्धि/तह कायम गरेको देखिन्छ। यसबाट प्रदेशभित्रका कर्मचारीहरूको वृत्तिविकासमा अवरोध तथा ऐनको परिपालनामा चुनौती पुग्ने देखिन्छ।

९. आयोगको आफ्नै जग्गा तथा भवन नभएकोले भाडाको घरमा कार्यालय सञ्चालन गर्नुपर्दा कार्यसम्पादनमा असहज महसुस भएको छ।

## ११.२ सुझाव

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाबाट प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत खटाईने व्यवस्थाको प्रतिकूल नहुने गरी संघीय निजामती सेवा ऐन जारी हुन पहल हुनुपर्ने देखिन्छ।

२. गण्डकी प्रदेश लोक सेवा आयोग ऐन,२०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा तदनुकूल भएको व्यवस्था अनुरूप संघ, प्रदेश

र स्थानीय सेवामा कार्यरत कर्मचारी तोकिएको प्रकृयाद्वारा विभिन्न तहको सेवामा जान अन्तर तह वृत्तिविकासको अवसर प्रदान गर्ने गरी संघीय निजामती सेवा ऐनमा व्यवस्था हुन पहल हुनुपर्ने देखिन्छ।

३. नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन,२०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा रहेको प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिस/परामर्शमा गर्नुपर्ने व्यवस्था कडाइकासाथ पालना गर्नुपर्ने देखिन्छ।

४. योग्यता प्रणालीको संरक्षण एवं समावेशी सहभागिता सुनिश्चत गर्दै योग्य र सक्षम प्रतिभालाई सार्वजनिक सेवामा भित्र्याउन प्रदेश निजामती सेवा र स्थानीय सेवामा प्रचलित कानुनबमोजिम रिक्त पदमा समयमा नै माग पठाई पदपूर्ति गर्नेतर्फ लागि करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ।

५. संविधानले परिकल्पना गरेको समावेशितालाई आत्मसात गर्दै लक्षित वर्गसम्म पहुँच पुऱ्याउन प्रदेश तथा स्थानीय तहको कर्मचारी सेवा शर्त सम्बन्धी कानुनमा विपन्न खस आर्य र अपाङ्गता भएका व्यक्तिहरूका लागि भएको कानुनी व्यवस्थामा थप स्पष्ट हुन जरुरी देखिन्छ।

६. योग्यता प्रणालीको प्रवर्धन गर्दै प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको वृत्ति विकास सुनिश्चित गर्न कानुनबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने गराउने, पद दर्ता गर्ने, रिक्त पदको पदपूर्तिका लागि आयोगमा माग पठाउने जस्ता प्रक्रियाहरू अवलम्बन गरेर मात्र कर्मचारी स्थायी नियुक्ति गर्नुपर्ने देखिन्छ।

७. प्रदेश तथा स्थानीय तहमा नयाँ सिर्जना तथा परिमार्जन भएका पदहरूको पद दर्ता गर्ने तथा आयोगबाट सिफारिस भएका कर्मचारीको सिटरोल दर्ता गर्ने कार्य अगाडि बढाई अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ। प्रचलित कानुनविपरीत स्थानीय तहमा कामकाजमा आएका कर्मचारीको तहवृद्धि/तह कायम गरेको देखिएको हुँदा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने मुख्य निकायले व्यवस्थापन परीक्षण गरी कर्मचारी व्यवस्थापनमा सकृय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

८. आयोगको कार्यसम्पादन गोप्य र संवेदनशील हुने हुँदा आयोगको आफ्नै जग्गा तथा भवन व्यवस्थापन गर्न प्रदेश सरकारबाट पहल कदमी लिनुपर्ने देखिन्छ।

## ११.३ भावी योजना तथा कार्यक्रम

(१) गण्डकी प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना,२०८१/८२-०८५/८६ कार्यान्वयन,

(२) स्वःमूल्याङ्कन/ समकक्षी समीक्षाका सूचकहरू तयारी तथा स्वमूल्याङ्कन,

(३) पदाधिकारी र कर्मचारीहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव आदान-प्रदान,

(४) महत्त्वपूर्ण कागजातहरूको डिजिटलाइजेसन,

(५) जग्गा प्राप्ति र कार्यालय, परीक्षा भवन निर्माण,

(६) सूचना तथा सञ्चार प्रविधि र उपकरण सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन, सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण,

(७) प्रश्नपत्र सङ्कलन, प्रश्नपत्र परिमार्जन, र उत्तरपुस्तिका परीक्षण, परीक्षा सञ्चालनका लागि जनशक्ति परिचालनको मापदण्ड तर्जुमा र जनशक्तिको अभिमुखीकरण,

(८) असल अभ्यास तथा विधिको दस्तावेजको अध्ययन/ अवलोकन भ्रमण र असल अभ्यास सम्बन्धी दस्तावेज प्रकाशन,

(९) प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्बन्धमा अभिमुखीकरण तथा अन्तरक्रिया,

(१०) शैक्षिक संस्थाहरूमा योग्य उम्मेदवार आकर्षण सम्बन्धमा अभिमुखीकरण,

(११) दक्ष/विशेषज्ञहरूको अभिमुखीकरण,

(१२) प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनको आयोजना,

(१३) निरीक्षण तथा अनुगमनमा सक्रियता,

(१४) अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यमा जोड

आयोग उल्लिखित भावी योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन दृढ सङ्कल्पित छ।

## अनुसूची–१

# प्रदेश लोक सेवा आयोग

### गण्डकी प्रदेश, पोखरा

## आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

क. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फ:

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | एघारौं तहका (अप्राविधिक/प्राविधिक) पदहरु | बढुवा | आवश्यकता अनुसार | | | | |
| २. | इन्जिनियरिङ सेवाका नवौं र सातौं तहका पदहरु | खुला, अन्तरतह, आ.प्र. | श्रावण | श्रावणको दोस्रो बुधबार | भाद्र | असोज | कार्तिक |
| | | बढुवा | | | | | |
| ३. | नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरु | खुला, अन्तरतह, आ.प्र. | श्रावण | भाद्र दोस्रो बुधबार | कार्तिक/मंसीर | मंसीर/पुस | पुस/माघ |
| | | बढुवा | | | | | |
| ४. | स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु | खुला | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | पुस/माघ | माघ/फागुन |
| ५. | सातौं तहका (प्राविधिक) पदहरु | खुला, अन्तरतह | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | माघ/फागुन | चैत्र/ बैशाख |
| | | बढुवा | | | | | |
| ६. | सातौं तहका (अप्राविधिक) पदहरु | खुला, अन्तरतह – प्रथम चरण | भाद्र | कार्तिक दोस्रो बुधबार | मंसीर/पुस | पुस/माघ | |
| | | खुला, अन्तरतह – द्वितीय चरण | | | पुस/माघ | फागुन/चैत्र | चैत्र/ बैशाख |
| | | बढुवा | | | | | |
| ७. | पाँचौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु | खुला – * प्रथम चरण | आश्विन | कार्तिक दोस्रो बुधबार | पुस/माघ | माघ/फागुन | |
| | | खुला – द्वितीय चरण | | | माघ/फागुन | चैत्र/बैशाख | जेष्ठ/आषाढ |
| | | बढुवा | | | | | |
| ८. | चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु | खुला – * प्रथम चरण | कार्तिक | मंसीर दोस्रो बुधबार | फागुन/चैत्र | चैत्र/बैशाख | |
| | | खुला – द्वितीय चरण | | | चैत्र/बैशाख | जेष्ठ/आषाढ | आषाढ |
| | | आ.प्र. | | | | | |
| ९. | तृतीय तह | खुला | मंसिर | पुस दोस्रो बुधबार | चैत्र/बैशाख | जेष्ठ/आषाढ | आषाढ |

***प्राविधिक तर्फका सहायकस्तरका तोकिएका पदमा दुई चरणको परीक्षा सञ्चालन गर्ने गरी विज्ञापन प्रकाशन गरिनेछ।**

**ख. प्रदेश संगठित संस्था तर्फः**

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश संगठित संस्थाका सबै सेवा/समूह र तहका पदहरु | सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम | आश्विन | मंसीर/पुस | माघ/फागुन | चैत्र/ बैशाख | जेष्ठ/आषाढ |

<u>द्रष्टव्य</u>

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०८० श्रावण १ गतेदेखि

२. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताबाट हुने पदपूर्ति कर्मचारी सेवा शर्त प्रचलित कानुन बमोजिम हुनेछ।

३. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारबाही कार्यतालिका बमोजिम हुनेछैन।

४. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

# अनुसूची–२

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

## लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन

२०८० फागुन २३ र २४ गते, वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

### घोषणापत्र

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू

लोक सेवा आयोगहरूबाट गरिँदै आएको भर्ना र छनोट कार्यमा योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्मलाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै लैजान देहायका प्रतिबद्धता गर्दछौँ:

१. संविधानको मर्म र भावना अनुरूप समावेशी सिद्धान्तलाई सम्मान गर्दै भर्ना र छनोटको आधार योग्यता नै हो भन्ने मान्यतालाई जोड दिँदै,

२. विद्यमान भर्ना, छनोट, परीक्षण प्रविधि, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी जनशक्ति व्यवस्थापनमा समयानुकूल सुधार गर्दै,

३. आयोगप्रतिको विश्वास एवम् साखलाई कायम राख्न निष्पक्ष र स्वच्छ रूपमा योग्यताको आधारमा मात्र भर्ना तथा छनोट हुने सिद्धान्तलाई पूर्ण पालना गर्दै,

४. सङ्घीय शासन प्रणालीको संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउन उपयुक्त उम्मेदवार समयमै छनोट र सिफारिसको सुनिश्चितता गर्दै,

५. लोक सेवा आयोगबाट स्थापित सिद्धान्त, मूल्य मान्यता, कार्यप्रणाली र असल अभ्यासलाई निरन्तर अवलम्बन गर्नेछौँ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वज्रराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | सजना दाहाल | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | सदस्य | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८० साल फागुन २४ गते रोज ५ शुभम् ।

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

# लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन

२०८० फागुन २३ र २४ गते, वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

## निर्णयहरू

१. लोक सेवा आयोगहरूबाट पदपूर्ति गरिने विभिन्न सेवा, समूह, उपसमूह श्रेणी वा तह र पद (प्राविधिक र अप्राविधिक) का पाठ्यक्रममा समसामयिक सुधार र परिमार्जन गर्ने,

२. लोक सेवा आयोगहरूबाट सम्पादन गरिने कार्यहरूमा कार्यगत सम्बन्ध कायम गर्दै प्रभावकारिता अभिवृद्धि गर्न असल अभ्यासहरूको आदानप्रदान गर्ने,

३. योग्यता, निष्पक्षता र स्वच्छताको मूल्य मान्यता र सिद्धान्तबमोजिम कार्यसम्पादन गर्नको लागि प्रदेश लोक सेवा आयोगहरूका लागि प्रस्ताव गरिएका सङ्गठन संरचना कार्यान्वयन गर्ने,

४. लोक सेवा आयोगहरूको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च मापदण्डमा एकरूपता कायम गर्ने र समयसापेक्ष बनाउँदै लैजाने,

५. लोक सेवा आयोगबाट सङ्घीय कानून बमोजिम अवलम्बन गरिएका सिद्धान्त र मापदण्डबमोजिम कार्य सम्पादनको सुनिश्चितताका लागि सूचकहरू (Indicators) तयार गरी सो बमोजिम स्वमूल्याङ्कन एवम् आवश्यकतानुसार समकक्षी समीक्षा (Peer Review) गर्ने,

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको परीक्षामा अनियमितता गरी कारबाहीमा परेका उम्मेद्वारहरूको अभिलेखीकरण गर्न आवश्यकतानुसार प्रणाली विकास गरी कार्यान्वयन गर्ने,

७. सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन र आयोगप्रतिको विश्वास र भरोसा कायम राख्न आयोगमा रिक्त पदाधिकारी यथाशीघ्र नियुक्ति गर्न सम्बन्धित प्रदेश सरकारसँग अनुरोध गर्ने,

८. आयोगहरूले अवलम्बन गरी आएका सूचना प्रविधि र तथ्याङ्कहरूलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउनका लागि आवश्यक व्यवस्थापकीय कार्य गर्ने,

९. वैकल्पिक उम्मेदवारको सूची कम हुँदा माग भए अनुरूप सिफारिस गर्न नसकिएको अवस्था मध्यनजर गरी आवश्यकतानुसार सूची बढाउन सक्ने व्यवस्था गर्ने,

१०. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा बहन गर्नुपर्ने जिम्मेवारीसम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने,

११. सेवा निवृत्त हुनु भएका प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशका माननीय अध्यक्ष श्री उत्तम कुमार भट्टराई, प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशका माननीय अध्यक्ष श्री सुरेन्द्रप्रसाद यादव र माननीय सदस्य श्री महारुद्र झा, प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशका माननीय सदस्य श्री भक्तबहादुर खड्काको अवकाश जीवन क्रियाशील, स्वस्थ र सुखी होस् भनी कामना गर्ने,

१२. लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनका घोषणा र निर्णयहरूको कार्यान्वयन गर्न लोक सेवा आयोगका सचिवको नेतृत्वमा सबै प्रदेश लोक सेवा आयोगका सचिवहरु सम्मिलित समिति गठन गर्ने,

१३. लोक सेवा आयोगहरूको पाँचौ राष्ट्रिय सम्मेलन मिति २०८१ फागुन २३ र २४ गते आयोजना गर्ने,

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वजराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. हिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | सजना दाहाल | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | सदस्य | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८० साल फागुन २४ गते रोज ५ शुभम् ।

## अनुसूची –३

## प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलनको घोषणापत्र र निर्णयहरू

१०. कर्मचारी समायोजन ऐन, २०७५ को भावना अनुरूप प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित सेवाको कर्मचारी नै हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा समावेश गर्न सुझाव प्रदान गर्ने।

११. आयोगले सिफारिस गरेका कर्मचारीहरूको कार्यसम्पादन क्षमता, अनुगमन, पृष्ठपोषण र छनौट प्रक्रियामा सुधार गर्दै लैजाने।

१२. पदपूर्ति, वृत्तिविकास र विभागीय कारबाहीका विषय र प्रक्रियामा एकरूपता ल्याउन तथा प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित अधिकारीहरूसँग अन्तरक्रिया गर्ने।

१३. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरू बीच असल अभ्यासहरूको आदान प्रदानलाई निरन्तरता दिने। यस कार्यको सम्पर्क व्यक्तिको रूपमा आयोगको सचिवले गर्ने।

१४. प्रदेश लोक सेवा आयोगहरूले प्रदेश प्रमुख समक्ष पेश गरेको वार्षिक प्रतिवेदन प्रदेश सभामा छलफल गराई कार्यान्वयन हुने व्यवस्थाका लागि पहल गर्ने।

१५. यस अघिका सम्मेलनहरूबाट पारित भई कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई क्रमश: कार्यान्वयन गर्दै जाने।

१६. प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलन गण्डकी प्रदेश, पोखरामा मिति २०८१ मङ्सिर १८ र १९ गते आयोजना गर्ने।

१७. कार्यकाल सफलतापूर्वक सम्पन्न गरी बिदाई हुनु भएका माननीय अध्यक्ष र सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।

१८. प्रदेश लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेकोमा प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशलाई धन्यवाद प्रदान गर्ने।

मा. सजना दाहाल
सदस्य
प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश, विराटनगर

अध्यक्ष
प्रदेश लोक सेवा आयोग
मधेश प्रदेश, जनकपुर

मा. सुरेश मान श्रेष्ठ
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश, हेटौडा

मा. विष्णु प्रसाद नेपाल
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
गण्डकी प्रदेश, पोखरा

मा. प्रा. डिल्लीराज भट्टराई
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
लुम्बिनि प्रदेश, बुटवल

मा. राम प्रसाद उपाध्याय
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर

मा. यज्ञराज बोहरा
अध्यक्ष
प्रदेश लोक सेवा आयोग
सुदुरपश्चिम प्रदेश, धनगढी

मिति २०८० फागुन २२ गते रोज ३ शुभम्।

## प्रदेश लोक सेवा आयोगहरूको तेश्रो सम्मेलनबाट पारित घोषणापत्र, २०८०

नेपालको संविधानको भाग २३ धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूलाई प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय सङ्गठित संस्थाको सेवाका पदहरूमा समेत उपयुक्त उम्मेदवार छनौट तथा सिफारिस गर्ने जिम्मेवारी रहेको छ। यसै बमोजिम हाल सबै प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदहरूमा उम्मेदवार छनौट र सिफारिस गर्ने काम भइरहेको छ। सरकारी सेवामा आवश्यक पर्ने कर्मचारी छनौटको लागि प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने छनौट पद्दति तथा कार्यविधि समान हुने भएकोले यस प्रक्रियालाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्न साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा २०७६ साल फागुन १४ र १५ गते प्रथम अन्तर प्रदेश लोक सेवा आयोगहरूको कार्यशाला गोष्ठी, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको आयोजनामा हेटौंडामा र दोस्रो सम्मेलन प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको आयोजनामा मिति २०७८ साल पौष १८ र १९ गते विराटनगरमा सम्पन्न भई विभिन्न महत्त्वपूर्ण प्रस्तावहरू सहितको घोषणा पत्र जारी भइसकेका छन्।

यस सम्मेलनबाट विगतका घोषणा पत्रहरू कार्यान्वयन अवस्थाको समीक्षा गर्दै सर्वसम्मत रूपमा देहाय बमोजिम घोषणा पत्र पारित गरिएको छः-

१. निर्माण हुन बाँकी प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको यथाशीघ्र निर्माणका लागि आ-आफ्ना प्रदेशका प्रदेश सभा र प्रदेश सरकारहरूसँग अनुरोध गर्ने।

२. सबै प्रदेशमा समान तहको पदमा उम्मेदवार भई प्रतिस्पर्धामा भाग लिन नपाउने व्यवस्थालाई कार्यान्वयन गर्ने।

३. उम्मेदवार सिफारिस गर्दा वैकल्पिक उम्मेदवारको सङ्ख्या आवश्यकतानुसार बढाउने व्यवस्था गर्ने।

४. पदपूर्तिको कार्यतालिका-समय सम्भव भएसम्म एकरुपता कायम गर्ने।

५. नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धमा प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न प्रदेश सरकार र नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

६. आयोगको निर्णयबाट कारबाहीमा परेका उम्मेदवारहरूको अभिलेखीकरणलाई समेटेर सूचना सञ्जालको विकास गरी आदान प्रदान गर्ने।

७. प्रदेश निजामती सेवा र स्थानीय तहका कर्मचारीहरूको वृत्ति विकास र सेवा निवृत्त पछिको सेवासुविधा सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

८. प्राविधिक पदहरूमा उम्मेदवारहरू छनौट गर्दा सम्बन्धित विषयको प्रयोगात्मक सीप परीक्षणको अभ्यास गर्ने।

९. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा हुने बढुवा समितिको गठन निजामती सेवा ऐन, २०४९ अनुकूल हुने गरी कानूनी व्यवस्था गर्न पहल गर्ने।

## अनुसूची– ४

### आ.व. २०८०/८१ को पदपूर्ति सम्बन्धी विवरण (सारांश)

विज्ञापन सङ्ख्याः   बढुवातर्फ (सूचना सङ्ख्या) १११   प्रतिस्पर्धात्मक परीक्षातर्फ (विज्ञापन सङ्ख्या) ४३६

| क्र. स. | तह | माग पद | विज्ञापित पद सङ्ख्या | | दरखास्त सङ्ख्या | | प्रतिस्पर्धात्मक परीक्षातर्फ पदपूर्तिको सङ्ख्या (आ.प्र., अन्तरतह र खुला/समावेशी) | | | | | | | | | | बढुवामा दरखास्त नपरेका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | लिखित परीक्षामा सहभागी उम्मेदवार | | | | | | | | | | |
| | | | बढुवा | प्रतिस्पर्धात्मक परीक्षा | "स्वीकृत दरखास्त (आवेदक)" | "जम्मा दरखास्त" | एक चरण (प्रथम पत्र र द्वितीय पत्र दुवै) | "प्रथम चरण OMR (प्रथम पत्रमात्र)" | प्रथम चरणमा उत्तीर्ण | द्वितीय चरण | अन्तरवार्तामा छनोट भएका उम्मेदवार | अन्तरवार्तामा सहभागी | सिफारिस पद | लिखित परीक्षा नतिजा भइ अन्तरवार्ता र सिफारिस हुन बाँकी पद | लिखित परीक्षा नतिजा प्रकाशन, अन्तरवार्ता र सिफारिस हुन बाँकी | "पदपूर्ति हुन नसकेको" | |
| १ | नवौं | ८६ | ५४ | ३२ | ४०५ | ५१२ | १९४ | - | | - | ४८ | ४३ | १९ | - | - | १३ | १५ |
| २ | आठौं | २२ | ० | २२ | ४७३ | ५८८ | २८५ | - | | - | ४२ | ४१ | २२ | - | - | - | - |
| ३ | सातौं | ३८० | १४६ | २३२ | ११११ | १७३२७ | ३०९१ | २८४७ | १६०१ | १०५३ | ३९२ | ३५५ | २०७ | - | - | २५ | ३ |
| ४ | पाँचौं | ८७८ | २९४ | ५८१ | ५१६५४ | ९६८८९ | ३२० | ३१३४६ | १२५६६ | ९३८६ | ३६८ | - | - | २३३ | ३४८ | - | ६ |
| ५ | चौथो | ६२८ | - | ६२५ | ६४०५८ | १२८७९६ | १३१३ | ३४३७२ | १५८३६ | ११३९३ | - | - | - | - | ६२५ | - | - |
| जम्मा | | १९९४ | ४९४ | १४९२ | १२७७०१ | २४४११२ | ५२०३ | ६८५६५ | २९९९३ | २१८३२ | ८५० | ४३९ | २४८ | २३३ | ९७३ | ३८ | २४ |
| आ.व. २०७९/०८० बाँकी | | | | | | | | | | | | | | | | | |
| १ | चौथो | ३ | - | ३ | - | - | - | - | | - | १ | १ | १ | - | - | २ | - |
| २ | तेस्रो | १०० | - | १०० | - | - | २७५२ | - | | - | १४७ | १४७ | १०० | - | - | - | - |
| जम्मा | | १०३ | - | १०३ | - | - | २७५२ | - | | - | १४८ | १४८ | १०१ | - | - | २ | - |
| कूल जम्मा | | २०९७ | ४९४ | १५९५ | १२७७०१ | २४४११२ | ७९५५ | ६८५६५ | २९९९३ | २१८३२ | ९९८ | ५८७ | ३४९ | २३३ | ९७३ | ४० | २४ |

# आयोगका केही झलकहरू




आयोगको तेस्रो वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै माननीय प्रदेश प्रमुख




आयोगको तेस्रो वार्षिकोत्सव समारोहका विशिष्ट अतिथिहरु



पानसमा दीप प्रज्ज्वलन गरी वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुहुँदै माननीय प्रदेश प्रमुख



आयोगको तेस्रो वार्षिक स्मारिका विमोचन गर्नुहुँदै माननीय प्रदेश प्रमुख



आयोगको तेस्रो वार्षिकोत्सवको अवसरमा उत्कृष्ट कर्मचारीलाई सम्मान



तेस्रो वार्षिकोत्सव समारोह पश्चात् प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिसँग आयोग परिवार




कर्णाली प्रदेशको सुर्खेतमा आयोजित लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनमा सहभागीहरू



कर्णाली प्रदेशको सुर्खेतमा आयोजित प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रममा सहभागी




लोक सेवा आयोगको असल अभ्यास आदान-प्रदान तथा क्षमता अभिवृद्धि कार्यक्रम




बागलुङ जिल्लाका स्थानीय तहका पदाधिकारी र जिल्ला स्थित प्रदेश कार्यालयका कर्मचारीहरूसँगको पदपूर्ति विषयक अन्तरक्रियामा आयोगका पदाधिकारी



बागलुङमा आयोजित प्रदेश तथा स्थानीय तहमा पदपूर्ति विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरू



पर्वतमा आयोजित प्रदेश तथा स्थानीय तहमा पदपूर्ति विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरू



लमजुङमा आयोजित प्रदेश तथा स्थानीय तहमा पदपूर्ति विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरू



बागलुङको महेन्द्र बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागीहरू



गोरखाको द्रव्यशाह बहुमुखी क्याम्पसमा आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागीहरू



लिखित परीक्षामा खटाइने जनशक्तिलाई अभिमुखीकरण गर्नुहुँदै आयोगका अध्यक्ष



आयोगबाट सिफारिस भएका इन्जिनियरिङ्ग सेवा, सातौ तहका उम्मेदवारलाई अभिमुखीकरण गरिंदै



प्रशासन सेवाको सातौं तहमा सिफारिस अधिकृतहरूको अभिमुखीकरण कार्यक्रम

# गण्डकी प्रदेश





Tel : +977 61 457873

Email: gandakipsc2076@gmail.com

Website: ppsc.gandaki.gov.np